# हिमालय टाइम्स

नेपाली राष्ट्रिय दैनिक

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष ३७, अंक ९६ काठमाडौं | २०८२ चैत १७ मंगलबार | चैत्र शुक्लपक्ष त्रयोदशी | नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Tuesday 31 March 2026 | पृष्ठ ८ | मूल्य रु ५।-


## बिहीबारका लागि संसद् अधिवेशन आह्वान

### संविधान संशोधन बहसपत्र तयार गर्न कार्यदल गठन



सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा सोमबार बसेको मन्त्रिपरिषद्‌को बैठक। तस्वीर सौजन्य : प्रधानमन्त्रीको सचिवालय

**नारायण भण्डारी/हिटा**

काठमाडौं, १६ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्‌को दुवै सदनको अधिवेशन आह्वान गर्नुभएको छ। सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले दुवै सदनको अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिश गरेको थियो। सोही सिफारिश आधारमा राष्ट्रपति पौडेलले अधिवेशन आह्वान गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले जानकारी दिनुभयो। सरकारले आगामी चैत १९ गते दिउँसो २ बजे बस्नेगरी बैठक आह्वान गर्न सिफारिश गरेको थियो। राष्ट्रपति कार्यालयका प्रवक्ता शाक्यका अनुसार राष्ट्रपति पौडेलले संविधानको धारा ९३ को उपधारा १ अनुसार बैठक आह्वान भएको हो। गत २१ फागुनमा भएको निर्वाचनपछि पहिलोपटक संघीय संसद्‌को अधिवेशन आह्वान भएको हो। फागुन २१ को प्रतिनिधिसभा चुनावअघि राष्ट्रियसभा अधिवेशन अन्त्य भएको थियो।

सरकारले संविधान संशोधनका लागि बहसपत्र तयार गर्न प्रधानमन्त्री बालेन्द्र शाहका राजनीतिक सल्लाहकारको नेतृत्वमा संसद्‌मा रहेका सबै दलको प्रतिनिधित्व रहनेगरी कार्यदल गठन गर्ने निर्णय गरेको छ। सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलका अनुसार सोमबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्रअनुरूप संविधान संशोधनका लागि बहसपत्र तयार गर्न लागिएको बताउनुभयो। उहाँले संविधान संशोधनका लागि सबै दलको सहमति आवश्यक हुने उल्लेख गर्नुभयो। साथै प्रधानमन्त्रीको राजनीतिक सल्लाहकार असिम साहको अध्यक्षतामा कार्यदल गठनको निर्णय गरेको हो। साह प्रतिनिधिसभाका पूर्व-सांसदसमेत हुनुहुन्छ।

'राजनीतिक सल्लाहकारको अध्यक्षतामा रहने कार्यदलमा संसद्‌मा प्रतिनिधित्व गर्ने सबै दलको प्रतिनिधि रहनुहुन्छ', पोखरेलले मन्त्रिपरिषद्‌को निर्णय सार्वजनिक गर्दै भन्नुभयो, 'राष्ट्रिय सहमतिमा संविधान संशोधनका लागि बहसपत्र तयार हुन्छ।'

#### सांसदहरूसँग प्रधानमन्त्रीको छलफल, सुशासन र सन्तुलित बजेटमा जोड

गत चैत १३ गते मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारी सम्हाल्नुभएका प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले सरकार सञ्चालनको सुरुवाती चरणमै जनप्रतिनिधिहरूसँगको संवादलाई तीव्रता दिनुभएको छ। प्रधानमन्त्री बनेको तीन दिनभित्रै उहाँले सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा सांसदहरूसँग प्रदेशगत रूपमा सामूहिक छलफल थाल्नुभएको हो। सोमबार प्रधानमन्त्री शाहले कोसी र कर्णाली प्रदेशबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सत्तापक्ष र प्रतिपक्षका सांसदहरूसँग छुट्टाछुट्टै भेट गरी निर्वाचन क्षेत्रका समस्या, विकासका आयोजना र आगामी बजेटका प्राथमिकताका विषयमा राय संकलन गर्नुभएको छ।

» पृष्ठ २ मा क्रमशः

#### प्रदेशगत समस्या र सांसदका माग

कोसी प्रदेशका सांसदहरूसँगको साढे दुई घण्टा लामो छलफलमा विकासका विविध पक्ष उठेका थिए। नेकपा एमालेका सांसद सुहाङ नेम्वाङले इलामका धेरै ठाउँमा सडक पुगे पनि पुल नहुँदा जनताले सास्ती खेप्नुपरेको बताउँदै पुल निर्माणका लागि बजेट छुट्याउन माग गर्नुभयो। त्यस्तै, नेपाली कांग्रेसका सांसद निश्कल राईले कृषि र पर्यटनलाई प्राथमिकतामा राख्न र उत्पादनको बजारीकरणमा सरकारले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। कर्णाली प्रदेशका तर्फबाट राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले कर्णाली राजमार्गको स्तरोन्नति, अलपत्र आयोजनाको निरन्तरता र काम नगर्ने ठेकेदारलाई कारबाही गर्नुपर्ने विषय उठाउनुभयो। उहाँले सुशीला कार्की नेतृत्वको अघिल्लो सरकारले रोक्का गरेको बजेट फुकुवा गरिदिन पनि अपिल गर्नुभयो। प्रधानमन्त्रीले कर्णालीको दिगो र समावेशी विकासका लागि नीतिगत र संरचनागत सुधार गर्ने आश्वासन दिनुभएको छ।

#### राजनीतिक प्रश्नमा मौनता

छलफल विकासमा केन्द्रित भए पनि केही सांसदहरूले पेचिलो राजनीतिक मुद्दाहरू समेत उठाएका थिए। नेकपा एमालेका सांसद राजेन्द्रकुमार राईले पूर्वप्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीको पक्राउप्रति आपत्ति जनाउँदै उहाँलाई तत्काल रिहा गर्न माग गर्नुभयो। गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको सिफारिशमा ओली र पूर्वगृहमन्त्री रमेश लेखकमाथि कारबाही प्रक्रिया अघि बढेको सन्दर्भमा एमाले सांसदहरूले यसलाई प्रतिशोधको संज्ञा दिएका थिए।

» पृष्ठ २ मा क्रमशः

## समानान्तर गतिविधिले कांग्रेसमा चर्कियो द्वन्द्व

### १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिको बैठक आज

- नवनिर्वाचित सांसदलाई देउवा-कोइराला समूहको बधाई कार्यक्रम
- जिल्ला सभापतिहरूको बैठक पनि आह्वान

**अनिल क्षेत्री/हिटा**

काठमाडौं, १६ चैत

मुलुकको सबैभन्दा पुरानो प्रजातान्त्रिक दल नेपाली कांग्रेस औपचारिक विभाजन उन्मुख भएको छ। १४औं महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवा पक्षले समानान्तर गतिविधि गर्न थालेपछि नेपाली कांग्रेस औपचारिक फुटको संघारमा पुगेको हो। गत पुसमा सम्पन्न विशेष महाधिवेशनबाट निर्वाचित गगनकुमार थापा नेतृत्वको केन्द्रीय समिति र १४औं महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवा नेतृत्वको केन्द्रीय समिति आमनेसामने भएको छ। पूर्वसभापति देउवा पक्षले आज (मंगलबार) १४औं महाधिवेशनबाट

» पृष्ठ २ मा क्रमशः



नेपाली कांग्रेसको देउवा-कोइराला समूहले आइतबार आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा सहभागीहरू।




#### नवनिर्वाचित पार्टीका सांसदलाई पूर्णबहादुर खड्काले भने- 'संसद्‌भित्र तपाईं, बाहिर हामी सँगसँगै छौं'

निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले नवनिर्वाचित पार्टीका सांसदहरूलाई देश र जनताका पक्षमा दृढतापूर्वक उभिएर काम गर्न आग्रह गर्नुभएको छ। सोमबार धुम्बराहीको एक होटलमा आयोजित सांसदहरूलाई सम्मान तथा बधाई कार्यक्रममा बोल्दै खड्काले सांसदहरूका साथमा आफू र वरिष्ठ नेताहरू सधैं सँगसँगै रहेको उल्लेख गर्दै भन्नुभयो, 'निर्वाचनको परिणामपछि जुन तरिकाको संसद्‌को बनोट छ, त्यसमा हाम्रो

» पृष्ठ २ मा क्रमशः

#### छुट्टै भेलाबारे शेखरको प्रतिक्रिया- 'पहिले पनि गरिराखेकै हो, अहिले पनि हुन्छ'



कांग्रेसका नेता डा. शेखर कोइरालाले छुट्टै भेलाबारे पहिले पनि गरिरहेकै अभ्यास रहेको बताउनुभएको छ। सोमबार निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काको अगुवाइमा खड्का-कोइराला समूहले नवनिर्वाचित सांसदहरूलाई सम्मान गर्न राखेको कार्यक्रममा बोल्दै नेता कोइरालाले भन्नुभयो, 'यो सबै कुरा हामी नेपाली कांग्रेसका

» पृष्ठ २ मा क्रमशः

#### सभापति थापा पक्ष आक्रोशित

पूर्वसभापति देउवा पक्षले पार्टी केन्द्रीय कार्यसमितिको नाममा समानान्तर गतिविधि चलाउन थालेपछि पार्टी सभापति गगनकुमार थापा पक्ष आक्रोशित भएको छ। थापाले सोमबार पार्टीका पदाधिकारीहरूसँग अनौपचारिक छलफल गर्नुभएको छ। बुधबार अनुशासन समितिको बैठक बोलाइएको छ। बैठकले देउवा पक्षका नेता पूर्णबहादुर खड्काले 'कार्यवाहक सभापति'कै हैसियतमा पार्टीको लेटरहेड प्रयोग गरी शनिबार निकालेको विज्ञप्ति र मंगलबार बस्न लागेको बैठकका बारेमा छलफल गर्ने भएको छ। त्यस छलफलको आधारमा अनुशासन समितिले कारबाहीको प्रक्रिया अघि बढाउन सक्ने चेतावनी संस्थापन पक्षीय नेताहरूले दिएका छन्। एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउको विरोधमा खड्काले कार्यवाहक सभापतिकै हैसियत राखेर पार्टीको लेटरहेडमा विज्ञप्ति निकाल्नुभएको

» पृष्ठ २ मा क्रमशः

हिमालय टाइम्स | चसक्क!



महेश बस्ताकोटी






## ओली र लेखकलाई थुनामुक्त गर्न अस्वीकार





**यज्ञराज पाण्डे/हिटा**

काठमाडौं, १६ चैत

सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको बन्दी प्रत्यक्षीकरण रिटमा दुवै जनालाई थुनामुक्त गर्न अस्वीकार गरेको छ। सोमबार सर्वोच्च अदालतका न्यायाधीश मेघराज पोखरेलको इजलासले ओलीलाई पक्राउ गर्नुको कारण र न्यायाधीश कुमार रेग्मीको इजलासले लेखकलाई पक्राउ गर्नुको कारण लिखित रूपमा पेस गर्न आदेश गर्दै थुनामुक्त गर्न अस्वीकार गरेको हो।

गैरकानुनी रूपमा थुनामा राखिएको

» पृष्ठ २ मा क्रमशः


#### एमालेका शीर्ष नेतादेखि पदाधिकारीसम्म सडकमा

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले आफ्ना अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको रिहाइको माग गर्दै राजधानीमा सडक प्रदर्शनलाई तीव्र बनाएको छ। सोमबार माइतीघर मण्डलाबाट सुरु भएको विरोध प्रदर्शनमा एमालेका शीर्ष नेतादेखि पदाधिकारीसम्म सक्रिय रूपमा सहभागी भएका छन्।

प्रदर्शनको अगुवाइ एमालेका सचिवहरू भानुभक्त ढकाल, शेरधन राई, डा. राजन भट्टराई र महेश बस्नेतले गर्नुभएको थियो।

» पृष्ठ २ मा क्रमशः

#### लुम्बिनी प्रदेशसभा सदस्य रेखा शर्मा पक्राउ



लुम्बिनी प्रदेशसभा सदस्य रेखाकुमारी शर्मा काठमाडौंको धुम्बाराहीबाट पक्राउ पर्नुभएको छ। उहाँ एमालेबाट निर्वाचित हुनुभएको थियो। उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेपछि जिल्ला प्रहरी परिसर काठमाडौंले कानुनी प्रक्रिया अघि बढाएको थियो। शर्मामाथि २०८१ जेठमा काठमाडौं महानगरपालिकाले एक नाबालिकालाई घरबाट उद्धार गरेपछि बालश्रम शोषणसम्बन्धी उजुरी परेको थियो। त्यसबेला मुद्दा नचल्ने निर्णय भए पनि नयाँ प्रमाणका आधारमा पुनः अनुसन्धान थालिएको प्रहरीले जनाएको छ। उद्धार गरिएकी बालिका लामो समयदेखि शर्माको घरमा काममा लगाइएको र कुटपिटसमेत हुने गरेको खुलेको थियो। यसैबीच, शर्मालाई अदालतले तीन दिन थुनामा राख्न अनुमति दिएको छ। काठमाडौं जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको इजलासले सोमबार शर्मालाई तीन दिन थुनामा राखेर अनुसन्धान गर्न म्याद थप

» पृष्ठ २ मा क्रमशः

## तीन दर्जन बढी सार्वजनिक निकायको पुनःसंरचना गर्ने तयारी

**डिबी शर्मा/हिटा**

काठमाडौं, १६ चैत

सरकारले तीन दर्जनभन्दा बढी सार्वजनिक संस्थाको पुनःसंरचना गर्ने भएको छ। उच्चस्तरीय अध्ययन समितिको सिफारिशबमोजिम सरकारले ती सार्वजनिक निकायहरू खारेज, पुनरावलोकन वा प्रदेशमा हस्तान्तरण गर्ने भएको हो। सुशासन मार्गचित्र अध्ययन समितिले शासकीय सुधारका लागि सार्वजनिक निकायहरूको पुनःसंरचना गर्नुपर्ने सिफारिश गरेको थियो। अघिल्लो सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय महाशाखा हेर्ने सचिव गोविन्दबहादुर कार्कीको नेतृत्वमा समिति गठन गरेको थियो। समितिको प्रतिवेदनअनुसार कामको दोहोरोपन हटाउन, संघीयताअनुसार कार्यक्षेत्र बाँडफाँट गर्न र अनावश्यक संस्थाबाट राज्यको वित्तीय तथा प्रशासनिक बोझ घटाउन पुनःसंरचना गर्न लागेको हो।

यसैगरी, विगतका विभिन्न चारवटा अध्ययन कार्यदल र सुशासन मार्गचित्र २०८२ लाई आधार मानेर सरकारले तत्काल यी निकायको खारेजी, हस्तान्तरण र समायोजन प्रक्रिया अघि बढाएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयले जनाएको छ। कार्यालयका अनुसार समितिले पहिलो चरणमा १६ वटा संस्था गाभ्ने, खारेज गर्ने वा प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने सिफारिश गरेको छ। १६ वटा सार्वजनिक संस्थानलाई मर्ज गरेर ६ वटा बनाउन लागिएको



हो। ११ प्रकारका सार्वजनिक निकाय भने खारेजीमा जाने भएका छन्। त्यसरी खारेजीमा जानेमध्ये दुई वटाको औचित्य नभएको भन्दै जिम्मेवारी हस्तान्तरणको योजना बनाइएको छैन भने बाँकी नौ वटाको कामलाई अन्य निकायमा हस्तान्तरण गर्ने जनाइएको छ।

» पृष्ठ २ मा क्रमशः

#### यी हुन् गाभ्न र खारेज गर्न सुझाव दिइएका संस्था

समितिले नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानसँग गाभ्न सुझाव दिएको छ। त्यस्तै, मुद्रण विभाग, कानुन किताब व्यवस्था समिति र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण केन्द्रमा गाभ्न सिफारिश गरेको थियो। युवा तथा साना व्यवसायी स्वरोजगार कोष, महिला स्वावलम्बन कोष र स्टार्टअप उद्यम कर्जा कोषलाई एकीकृत गरी 'राष्ट्रिय उद्यमशीलता तथा स्वरोजगार कोष' स्थापना गर्न सिफारिश गरिएको छ।

प्रतिवेदनमा बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समिति खारेज गरी त्यसको कार्य लुम्बिनी विश्वविद्यालय र पुरातत्त्व विभागमा सार्न भनिएको छ। यस्तै, न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल रेलबे बोर्ड, सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, जग्गा विकास चक्र कोष र नगर विकास समिति खारेज गर्न सिफारिश गरिएको छ। राष्ट्रिय दुग्ध विकास बोर्डका साथै बर्दिबास, बुटवल र सुर्खेत मेडिकल कलेजका पूर्वाधार निर्माण विकास आयोजना पनि खारेज गर्न भनिएको छ। यस्तै, जिल्ला निर्वाचन कार्यालय खारेज गरी त्यसको जिम्मेवारी जिल्ला प्रशासन कार्यालयमा हस्तान्तरण गर्न र प्रदेश स्तरमा प्रादेशिक निर्वाचन कार्यालय स्थापना गर्न समितिले सुझाएको छ।

मार्गचित्रमा समान प्रकृतिका कार्य गर्ने संस्थाहरूलाई एकीकृत गर्दै स्रोत, साधन र जनशक्ति व्यवस्थापनलाई

» पृष्ठ २ मा क्रमशः

### इनिसा विक हत्या प्रकरण

## प्रहरी र सरकारी वकिलको फरक-फरक निष्कर्ष

**दिपिका न्यौपाने/हिटा**

काठमाडौं, १६ चैत

सुर्खेतको गुर्भाकोट नगरपालिका-६ बडाखोली घर भई वीरेन्द्रनगरमा बसोबास गर्दै आउनुभएकी १६ वर्षीया इनिसा विकको मृत्यु प्रकरणले नयाँ मोड लिएको छ। जिल्ला सरकारी वकिल कार्यालय, सुर्खेतले उक्त घटनालाई सामूहिक बलात्कारपछि हत्या भएको निष्कर्षसहित चारजना नाबालकविरुद्ध अभियोग पत्र दर्ता गरेपछि घटनाले थप संवेदनशीलता र बहस निम्त्याएको छ। यसअघि जिल्ला



प्रहरी कार्यालय, सुर्खेतले प्रारम्भिक अनुसन्धानका आधारमा इनिसाका भनिएका १६ वर्षीय प्रेमीलाई मुख्य अभियुक्त ठहर गर्दै जबरजस्ती करणी र कर्तव्य ज्यान मुद्दामा जन्मकैद सजाय मागसहित अनुसन्धान प्रतिवेदन पेस गरेको थियो।

- कानुनी कारबाही र क्षतिपूर्ति माग
- काउण्टर प्रदर्शन

प्रहरीको निष्कर्षअनुसार ती किशोरले जबरजस्ती करणी गर्दा इनिसाको संवेदनशील अंगमा गम्भीर क्षति पुगेर अत्यधिक रक्तश्रावका कारण मृत्यु भएको उल्लेख गरिएको थियो।

» पृष्ठ २ मा क्रमशः

# क्यान्सरसँगको साहसिक संघर्षलाई सम्मान गर्दै सहयोग वितरण

**हिमालय टाइम्स**

काठमाडौं, १७ चैत

स्वर्गीय प्राध्यापक शोभा तिवारी लोहानीको १७औँ स्मृति दिवस तथा नेपाल एयरलाइन्सका वरिष्ठ क्याप्टेन बलराम पन्तको सम्झनामा श्रद्धाञ्जलि अर्पण गर्दै एक सामाजिक कार्यक्रम आयोजना गरिएको छ। क्यान्सरसँग उहाँहरूले लडेको साहसिक संघर्षलाई सम्मान गर्दै करुणा र सहानुभूतिका साथ सहयोग वितरण गरिएको हो।



क्याप्टेन भावना पन्त परिवार, शोभा-अर्जुन संगीत कोष परिवार, किवानिस क्लब नेपाल होराइजन, किवानिस क्लब वीरेन्द्रनगर, किवानिस क्लब इनोभेटिभ नेपाल तथा किवानिस क्लब खारा रुकुमको सहकार्यमा १० जना बाल क्यान्सर बिरामी तथा उनीहरूको परिवारलाई सोमबार अत्यावश्यक खाद्यान्न र सरसफाइ सामग्री वितरण गरिएको आयोजकले जनाएको छ।

उक्त सहयोग 'वार्मिङ हार्ट्स नेपाल' की अध्यक्ष अनामिका अर्यालले ग्रहण गर्नुभएको थियो। कार्यक्रममा सहभागीहरूले स्वर्गीय लोहानी र पन्तको सम्झनाले मानवसेवामा प्रेरित गर्दै आएको उल्लेख गर्दै यस्ता मानवीय कार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका थिए।

उहाँहरूको योगदान र सम्झनालाई सम्मान गर्दै आयोजित यो सानो प्रयासले आवश्यकतामा परेका बालबालिका र उनीहरूको परिवारमा केही राहत पुऱ्याउने विश्वास लिइएको छ।

# डडेल्धुरामा हाट बजार सुरु



**टेकराज अवस्थी/हिटा**

डडेल्धुरा, १६ चैत

डडेल्धुरा जिल्लामा कृषि उपजलाई व्यवस्थित गर्दै उपभोक्ताको हितलाई ध्यानमा राखी कृषि थोक तथा हाट बजार सञ्चालनमा आएको छ। कृषि ज्ञान केन्द्र डडेल्धुरालगायत सरोकारवाला निकायको पहलमा जिल्ला सदरमुकामको बसपार्क नजिकै हाट बजार सुरु भएपछि स्थानीय तथा आयातित कृषि उपज सुलभ मूल्यमा उपलब्ध हुन थालेका छन्।

कृषिमा गरिएको लगानीको प्रतिफललाई संस्थागत गर्दै किसानलाई कृषि कर्ममा थप प्रेरित गर्ने उद्देश्यले सञ्चालन गरिएको यस हाट बजारले स्थानीय उत्पादनलाई रोजगारीसँग जोड्ने काम पनि गरेको छ। जिल्लाका विभिन्न स्थानबाट कृषिजन्य उपज ल्याई सहभागी हुने क्रम दिनप्रतिदिन बढ्दै गएको छ। प्रत्येक शनिबार सञ्चालन हुने कृषि तथा उद्यम हाट बजारमा ताजा तरकारी, रैथाने धानको चामल, कोदोको पिठो, मौसमी जुनारलगायत फलफूल, अमिलो चुक, आलु, प्याज, लसुन, काँचो मकै, अचार, च्याउ, दलहन तथा दुग्धजन्य पदार्थजस्ता पहाडी क्षेत्रका स्थानीय उत्पादन बिक्रीका लागि राखिँदै आएका छन्। यसबाट कृषक र उपभोक्ता दुवै उत्साहित तथा लाभान्वित भएका छन्।

हाट बजारको प्रभावकारी सञ्चालनका लागि निःशुल्क स्टल निर्माण तथा व्यवस्थापनमा उद्योग वाणिज्य संघ, अमरगढी नगरपालिका, वडा नं. ५ को कार्यालय, कृषि ज्ञान केन्द्र तथा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमलगायत विभिन्न निकायले सहकार्य र सहयोग गरेका छन्।

# भोजपुरमा चैत ३० बाट रैथाने खाना महोत्सव



**निरोज कोइराला/हिटा**

भोजपुर, १६ चैत

रैथाने खाना र संस्कृतिको प्रवर्द्धन गरी पर्यटन विकास गर्ने उद्देश्यका साथ भोजपुरको चखेवामा रैथाने खाना महोत्सव हुने भएको छ। टेम्केमैयुङ गाउँपालिका, पदमार्गमा आधारित पर्यटन विकास परियोजना (टिटिडिपी) र हेल्भेटास नेपालको आर्थिक सहयोग तथा चखेवा होटल तथा होमस्टे व्यवसायी संघको आयोजनामा मुन्दुम पदमार्ग अन्तर्गतको पर्यटकीय क्षेत्र चखेवामा चैत्र ३० गतेदेखि वैशाख २ गतेसम्म खाना महोत्सवको आयोजना हुन लागेको हो।

स्थानीय रैथाने खाना र कृषि उत्पादनको प्रवर्द्धन तथा बजारीकरण साथै मुन्दुम पदमार्गको पर्यटन प्रवर्द्धनात्मक टेवा पुऱ्याउन महोत्सवको आयोजना गरिएको चखेवा होटल तथा होमस्टे व्यवसायी संघका अध्यक्ष विवेक कुलुङ राईले बताउनुभयो। महोत्सवले रैथाने खाना प्रवर्द्धन, पर्यटन विकास र स्थानीय अर्थतन्त्र सुधारमा समेत टेवा पुग्ने टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताउनुभयो। महोत्सवमा २० स्टल रहने आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ। सरकारले देशभित्र घुम्नैपर्ने एक सय पर्यटकीय गन्तव्यको सूचीमा राखेको मुन्दुम पदमार्ग र सो क्षेत्रमा रहेको पर्यटकीय स्थल चखेवा भञ्ज्याङसँगै टेम्क, मैयुङ लगायतका पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा महोत्सवले टेवा पुग्नेछ।

## समानान्तर गतिविधिले...

« पृष्ठ १ बाट क्रमशः

निर्वाचित केन्द्रीय समितिको बैठक बोलाएको छ। बैठकमा तत्कालीन केन्द्रीय कार्यसमितिमा रहेका देउवा पक्षीय पदाधिकारी तथा सदस्यहरूलाई बोलाइएको छ।। तत्कालीन मुख्यसचिव कृष्ण पौडेलले बैठकमा उपस्थित हुन सबैलाई टेलिफोन गरेर बोलाउनुभएको छ। बैठक मंगलबार र बुधबार दुई दिनसम्म चल्ने बताइएको छ।

देउवा पक्षीय नेता रामहरि खतिवडाका अनुसार टेलिफोनबाट बैठकमा उपस्थित हुन भनिएको छ। तत्कालीन कार्यबाहक सभापति पूर्णबहादुर खड्काले बोलाएको बैठकमा पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली, कांग्रेसका नेता एवं पूर्वमन्त्री रमेश लेखक, अर्का पूर्वमन्त्री दीपक खड्का पक्राउ र २१ फागुनमा सम्पन्न निर्वाचनमा भएको हारको समीक्षा गर्ने उल्लेख छ। ओली र लेखक पक्राउको विषयमा पार्टी संस्थापन र देउवा पक्षले अलग-अलग विज्ञप्तिमार्फत धारणा सार्वजनिक गरेका थिए। संस्थापन पक्षले गत २३ र २४ भदौका दुवै घटनाका दोषीउपर विधि र पक्रियासम्मत तरिकाले हुने कारबाहीमा पार्टीको साथ रहने विज्ञप्तिमा उल्लेख छ।

तर, देउवा पक्षले ओली र लेखक पक्राउ राजनीतिक प्रतिशोध भन्दै त्यसको प्रतिवाद गर्ने चेतावनी दिएको छ। देउवा पक्षले समानान्तर गतिविधि गर्न थालेपछि कांग्रेस संस्थापन पक्षले बुधबार केन्द्रीय अनुशासन समितिको बैठक बोलाएको छ। देउवा पक्षको बैठकको भोलिपल्टै अर्थात् बुधबार दिउँसो १ बजे बस्ने बैठकमा देउवा पक्षबाट भएको गतिविधि र निर्वाचनमा भएको अन्तर्घातबारे छलफल केन्द्रित हुने सूचनामा उल्लेख छ। पार्टी केन्द्रीय कार्यसमितिले १६-१९ असोजमा काठमाडौंमा १५औँ महाधिवेशन गर्ने निर्णय लिइसकेको अवस्थामा देउवा पक्ष अदालतको फैसला नआएसम्म प्रक्रियामा सहभागी नहुने बताउँदै आएको छ। विशेष महाधिवेशनबाट आएको केन्द्रीय कार्यसमितिलाई निर्वाचन आयोगले मान्यता दिने निर्णयविरुद्ध पूर्वसभापति देउवा र तत्कालीन कार्यबाहक सभापति खड्काले अदालतमा रिट दायर गरेका छन्। उक्त रिटको पेसी यही २२ चैतमा तोकिएको छ। पूर्वसभापति देउवा हाल सिंगापुरमा रहनुभएको छ। देउवा निर्वाचनअघि १३ फागुनमा सिंगापुर जानुभएको थियो। केही दिनअघि देउवा हङकङ जानुभएको देउवाको सचिवालयले जनाएको छ।

## नवनिर्वाचित सांसदलाई देउवा-कोइराला समूहको बधाई कार्यक्रम

कांग्रेसको देउवा-कोइराला समूहले नवनिर्वाचित सांसदहरूलाई बधाई तथा शुभकामना कार्यक्रम गरेको छ। धुम्बाराहीस्थित एक पार्टी प्यालेसमा आयोजित बधाई तथा शुभकामना कार्यक्रममा पूर्णबहादुर खड्का, डा.शेखर कोइराला, डा.शशांक कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, एनपी साउद, मीनेन्द्र रिजाल, बलबहादुर केसी, जीवन परियार, बद्री पाण्डे, महालक्ष्मी उपाध्याय लगायतका नेताहरू सहभागी थिए। यस्तै, बधाई तथा शुभकामना कार्यक्रममा विष्णु खड्का, रिना उप्रेती केसी, गंगालक्ष्मी अवाले, उर्मिला थपलिया, रुक्मिणी कोइराला, निनु कर्ण, हरिनादेवी कामी, सुशीला ढकाल, गीता सेन्दाङ, टेकबहादुर गुरुङ सहभागी हुनुहुन्थ्यो। राष्ट्रियसभा सदस्यहरू रञ्जीत कर्ण, खम्मबहादुर खाती, चन्द्र केसी, जगत तिमल्सिना, विष्णुदेवी पुडासैनी, कृष्णबहादुर रोकाया, जीतजंग बस्नेत र विष्णुकुमारी सापकोटा पनि सहभागी हुनुहुन्थ्यो।

## जिल्ला सभापतिहरूको बैठक पनि आह्वान

समानान्तर गतिविधि थालेको नेपाली कांग्रेसको असन्तुष्ट समूहले जिल्ला सभापतिहरूको भेला पनि बोलाएको छ। निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले कार्यवाहक सभापतिको हैसियतमा आफूलाई उभ्याउँदै जिल्ला सभापतिहरूको भेला बोलाउनुभएको हो। १९ चैतमा धुम्बराहीस्थित स्मार्ट पार्टी प्यालेसमा बस्नेगरी बैठक बोलाइएको छ। बैठकमा २७ देखि ३० पुससम्म सम्पन्न भएको विशेष महाधिवेशनमा उपस्थित नभएका जिल्ला सभापतिहरू सहभागी हुने बताइएको छ। बैठकमा समसामयिक विषय र आगामी रणनीतिबारे छलफल हुने बताइएको छ।

## नवनिर्वाचित पार्टीका...

« पृष्ठ १ बाट क्रमशः

उपस्थिति कमजोर छ। नेपाली कांग्रेसको तर्फबाट निर्वाचित भएर आउनुभएका सबै माननीय सदस्यको भूमिका प्रभावकारी र अनुकरणीय रहनेछ। संख्याको हिसाबले हामी कम भए पनि नेपाली लोकतान्त्रिक इतिहासको सिंगो धरोहर बोकेर तपाईंहरू संसद्मा प्रतिनिधित्व गर्दै हुनुहुन्छ। कानुन निर्माणको सन्दर्भ, नेपाली जनताको हक अधिकारको सन्दर्भमा हामीले वर्षौंको संघर्षबाट निर्माण गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको सन्दर्भमा र जनताको अधिकारको सन्दर्भमा तपाईंहरू प्रखर रूपमा प्रस्तुत हुनुहुनेछ।' संसद्बाहिर रहेका संसद्को अनुभव लिएका नेता सधैँ सांसदको साथमा रहने उहाँको भनाइ छ। संसदीय प्रतिस्पर्धा, प्रस्तुति र देश तथा जनताको पक्षमा सुदृढ रूपमै प्रस्तुत रहन सांसदहरूसँग आग्रह गर्दै नेता खड्काले भन्नुभयो, 'संविधानका मूलभूत विषयमा सम्झौता नगरीकन संविधान संशोधनको बहसमा जुट्नुहोस्। संसद्भित्र तपाईं बाहिर हामी सँगसँगै रहनेछौं।'

## छुट्टै भेलाबारे...

« पृष्ठ १ बाट क्रमशः

साथीहरूले गरिराखेकै कुरा हो,अहिले पनि गरिराखेका हुन्छौं। तपाईंहरूसँग सधैँ यस्तो भेटघाट भइरहन्छ।' संसद्मा हुने गतिविधि आफूहरूले जानकारी लिन पनि यस्ता भेला भइरहने उल्लेख गर्दै उहाँले भन्नुभयो, 'संसद्मा के भइरहेको छ, कसो भइरहेको छ ? हामी संसद् बाहिर छौं, धेरै साथीहरू यसपटक। त्यो कुरालाई पनि तपाईंहरूले ध्यान दिएर छलफल हुन्छ। मभन्दा पनि धेरै पुराना वरिष्ठ साथीहरू यहाँ हुनुहुन्छ। उहाँहरूसित हामीसित सरसल्लाह पनि गर्नुहोला।'

## सभापति थापा...

« पृष्ठ १ बाट क्रमशः

थियो।

देउवा पक्षले विशेष महाधिवेशनबाट आएको केन्द्रीय कार्यसमितिलाई स्वीकार गरेको छैन। देउवा पक्षीय नेता जितजंग बस्नेतले अदालतको निर्णय नआउँदासम्म दुई पक्षबीच समानान्तर गतिविधि चल्ने स्पष्ट पार्दै भन्नुभयो, 'अदालतले यस्तो गम्भीर विषयमा निर्णय गर्न ढिलाइ गर्नु हुँदैन। चाँडै निर्णय दिनुपर्छ। अदालतको निर्णयबाटै कांग्रेसको एकताको बाटो खुल्छ। अहिले हामीले विशेष महाधिवेशनको अस्तित्व स्वीकार गरेका छैनौं, त्यसैले समानान्तर गतिविधि चल्छ।'

तर, पार्टी महामन्त्री प्रदीप पौडेलले विधिको शासनका लागि लडेका नेताहरूले नै संवैधानिक निकायका निर्णय र राजनीतिक दलसम्बन्धी कानुनविपरीत हिँड्न खोज्नु दुर्भाग्यपूर्ण भएको टिप्पणी गर्दै भन्नुभयो, 'राजनीतिक दलले राज्यको दलसम्बन्धी कानुनको मान्यता र राज्य संरचनाको निर्णयलाई मान्नैपर्छ। चित्त नबुझे पनि मान्नुपर्छ। मूल्य-मान्यतालाई मानेर मर्यादा कायम गर्नुपर्छ। हाम्रा नेता विधिको शासन र लोकतन्त्रका लागि लामो समय लडेका हुन्।'

आज वि.सं २०८२ चैत १७ गते, मंगलबार, ई.स. २०२६ मार्च ३१, तिथि- चैत्र शुक्लपक्ष त्रयोदशी, ०७:०५ बजेपछि चतुर्दशी, पूर्वफाल्गुनी- नक्षत्र, गण्ड- योग, तैतिल- करण, चन्द्रराशि- सिंह, सूर्योदय- ५:५८, सूर्यास्त- १८:२० ।



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : आजको दिन प्रेमसम्बन्ध र सन्तान विषयक चासोमा बित्नेछ। सिर्जनशील काममा रुचि जाग्नेछ। विद्या, कला र मनोरञ्जनतर्फ आकर्षण रहनेछ। प्रेम प्रस्ताव राख्न उचित समय हो। भावनामा बहकिने प्रवृत्ति त्याग्नु उपयुक्त हुनेछ।

वृष : गृह परिवेशमा केही असन्तुलन देखिन सक्छ। मातापितासँगको सम्बन्धमा ध्यान दिनु आवश्यक छ। सञ्चयमा ह्रास र मनमा अशान्ति रहन सक्छ। सम्पत्तिसम्बन्धी काम आज नगरेकै उत्तम हुनेछ। पारिवारिक निर्णयमा धैर्य अपनाउनु हितकर हुनेछ।

मिथुन : सञ्चार, लेखन, प्रस्तुति वा मिडिया क्षेत्रका व्यक्तिका लागि फलदायी दिन हो। सानातिना यात्राबाट लाभ मिल्नेछ। दाजुभाइसँग सम्बन्ध सुदृढ बन्नेछ। आँट र आत्मविश्वास उच्च रहनेछ, तर अहंकार नदेखाउनु श्रेयस्कर हुनेछ।

कर्कट : आज वाणीमा मधुरता र शालीनता आवश्यक छ। आर्थिक लेनदेनमा सतर्कता अपनाउनुहोला। परिवारका सदस्यसँग सानो विवाद सम्भव भए पनि सम्हाल्न सकिनेछ। स्वादिलो भोजनमा रुचि बढ्नेछ, तर खानपानमा सन्तुलन राख्नु उत्तम हुनेछ।

सिंह : स्वास्थ्य, आकर्षण र आत्मविश्वासमा वृद्धि देखिन्छ। व्यक्तित्व निखारिनेछ र सामाजिक वृत्तमा प्रशंसा प्राप्त हुनेछ। विलासिता र सौन्दर्यतर्फ आकर्षण बढ्नेछ। नयाँ कार्यको थालनी गर्दा सफलता मिल्नेछ। आफूमाथि अत्यधिक गर्व नगर्नुहोला।

कन्या : अनावश्यक खर्च र मानसिक थकानले प्रभाव पार्न सक्छ। शत्रु वा इर्ष्यालु व्यक्तिबाट टाढा रहनु बुद्धिमानी हुनेछ। यात्रामा विलम्ब वा असुविधा हुनसक्छ। ध्यान र मौन रहनु आजको प्रमुख औषधि बन्नसक्छ।

तुला : आयवृद्धिको राम्रो योग छ। समाज तथा मित्र वर्गबाट लाभ मिल्ने सम्भावना छ। प्रेम सम्बन्ध वा मित्रताको माध्यमबाट नयाँ अवसर प्राप्त हुन सक्छ। इच्छाहरू पुरा हुने समय हो, प्रयत्न गर्न नछाड्नुहोस्।

वृश्चिक : पेसा, प्रतिष्ठा र जिम्मेवारीमा वृद्धिको संकेत छ। आज वरिष्ठको नजरमा तपाईंको कार्यशैली मन पर्नेछ। सामाजिक जीवनमा सक्रियता बढ्नेछ। नेतृत्वदायी भूमिका लिन सकिने योग बलियो छ।

धनु : धार्मिक भावनाको विकास हुनेछ। गुरु, धर्म, दर्शनप्रति श्रद्धा बढ्नेछ। यात्रा वा उच्च शिक्षा सम्बन्धी योजना सफल हुनसक्छ। पितासँगको सम्बन्धमा सुधार आउनेछ। भाग्यमा आंशिक साथ रहनेछ।

मकर : अचानक घटना, गोप्य विषय वा मानसिक द्वन्द्वले दिन प्रभावित हुन सक्छ। स्वास्थ्यमा कमजोरी आउने सम्भावना छ, विशेषतः पाचन वा गुप्त रोगतर्फ। जोखिमयुक्त कार्य टार्नु हितकर हुनेछ। आत्मनिरीक्षणले मार्गदर्शन दिन सक्छ।

कुम्भ : दाम्पत्य सम्बन्धमा मिठास बढ्नेछ। साझेदारीका काममा सफलता मिल्नेछ। व्यापारमा नयाँ सहकार्य प्रारम्भ गर्न अनुकूल समय हो। प्रेम सम्बन्धमा पनि गहिरो समझदारी देखिनेछ।

मीन : रोग, ऋण वा शत्रुका विरुद्ध सफलता मिल्नेछ। काममा लगनशीलता बढ्नेछ। स्वास्थ्यमा सुधार देखिनेछ। प्रतिस्पर्धात्मक क्षेत्रमा सफलता सम्भावित छ। कडा परिश्रमको सकारात्मक परिणाम प्राप्त हुनेछ।

## तीन दर्जन बढी...

« पृष्ठ १ बाट क्रमशः

मुलुक संघीय संरचनामा गएपछि संघले गर्दै आएका कतिपय काम प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने र निश्चित प्रयोजनका लागि गठन भए पनि हाल सान्दर्भिक नभएका संस्था खारेज गर्नुपर्ने सिफारिश गरेको थियो।

सरकारले विभिन्न समिति, कोष, आयोजना, परियोजना, केन्द्र, कार्यक्रम र बोर्ड गठन गरी दल र प्रभावशाली व्यक्ति निकटलाई राजनीतिक नियुक्ति दिने यस्ता सार्वजनिक निकायको खारेजी लगायतका प्रक्रियाबाट बर्सेनि अर्बौं रुपैयाँ बचत हुने सरकारको भनाइ छ।

पूर्वगृहमन्त्री तथा अर्थसचिव रामेश्वर खनालको संयोजकत्वमा २०८१ सालमा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पनि यस्ता निकायको खारेजी, गाभ्ने र हस्तान्तरण गर्ने सिफारिश गरेको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सचिव चूडामणि पौडेलको संयोजकत्वमा गत २६ फागुनमा गठन भएको कार्यदलले समेत अघिल्ला कार्यदल र आयोगका सिफारिश तत्काल कार्यान्वयन गर्नुपर्ने सुझावसहितको मार्गचित्र सरकारलाई बुझाएको थियो। यति धेरै प्रयास भए पनि दलीय पहुँच र सरकारको उदासीनताका कारण प्रभावकारी कार्यसम्पादन नभएका निकायहरूमा तलब भत्ता र सुविधा मात्र खाएर बस्ने हजारजना हाराहारी कर्मचारी रहेको प्रतिवेदनमा उल्लेख छ।

## यी हुन् गाभ्न...

« पृष्ठ १ बाट क्रमशः

प्रभावकारी बनाउने उल्लेख छ। यसैगरी, न्याय सेवा तालिम केन्द्रलाई न्यायिक प्रतिष्ठानमा गाभ्ने, केन्द्रीय कानुन पुस्तकालय विकास समितिलाई राष्ट्रिय पुस्तकालयमा समाहित गर्ने र विभिन्न स्वरोजगारसम्बन्धी कोषहरूलाई एकीकृत गरी 'राष्ट्रिय उद्यमशीलता तथा स्वरोजगार कोष' स्थापना गर्ने योजना अघि सारिएको छ। तराई-मधेस समृद्धि कार्यक्रमलाई संघीयस्तरबाट सञ्चालन गर्नुको सट्टा सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न उपयुक्त हुने मार्गचित्रले औंल्याएको छ। यस्तै, केही मेडिकल कलेज पूर्वाधार तथा विकास आयोजनाहरू पनि खारेजी सूचीमा परेका छन्। मेडिकल कलेज पूर्वाधार विकास आयोजना बर्दिवास, बुटवल र सुर्खेत खारेज गर्नुपर्ने सूचीमा छन्। यी आयोजना सम्पन्न भएपछि स्वतः खारेज गर्नुपर्ने उल्लेख छ। यस्तै, राष्ट्रिय दुग्ध विकास बोर्डको काम पशु सेवा विभागबाट सञ्चालन गर्न सकिने र जिल्ला निर्वाचन कार्यालयहरू खारेज गरी जिम्मेवारी जिल्ला प्रशासन कार्यालयलाई हस्तान्तरण गर्ने तथा प्रदेशस्तरमा निर्वाचन कार्यालय स्थापना गर्ने प्रस्ताव गरिएको छ। मार्गचित्रले प्रशासनिक प्रक्रिया सरलीकरणका लागि केही अनुमति प्रणालीसमेत खारेज गर्न सिफारिश गरेको छ। यसमा श्रम स्वीकृति प्रणाली र वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन लेटर' (एनओसी) हटाउने प्रस्ताव समावेश छ, जसले सेवाग्राहीलाई सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ।

## इनिसा विक...

« पृष्ठ १ बाट क्रमशः

तर, सरकारी वकिल कार्यालयले भने प्रहरीको निष्कर्षसँग असहमति जनाउँदै फरक अभियोग दर्ता गरेको छ। पोष्टमार्टम रिपोर्ट, घटनास्थलको अवस्था, पीडित तथा अभियुक्त पक्षका बयान, तथा केन्द्रीय प्रहरी अनुसन्धान ब्युरो (सिआइबी)को अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा पूर्वयोजनाअनुसार चारै जनाले सामूहिक रूपमा बलात्कार गरी हत्या गरेको निष्कर्ष निकालिएको हो।

घटनाको अनुसन्धानकै क्रममा डिएनए, मोबाइल ट्र्यापिङ तथा टक्सिकोलोजी रिपोर्ट आउन बाँकी रहँदा प्रहरीले हतारमा एक जनामाथि मात्र आरोप केन्द्रित गरेको भन्दै आलोचना भइरहेको छ। चैत ११ गतेसम्म ती महत्त्वपूर्ण फरेन्सिक प्रमाणहरू नआइसकेकै अवस्थामा प्रहरीले अनुसन्धान प्रतिवेदन बुझाएको थियो। यसले अनुसन्धान प्रक्रियाको पारदर्शिता र विश्वसनीयतामाथि प्रश्न उठाएको छ भने सरकारी वकिल कार्यालयको पछिल्लो निर्णयले प्रहरी अनुसन्धानमाथि पुनः बहस सुरु गराएको छ।

गत फागुन २३ गते बिहान करिब ६ बजे इनिसा विद्यालयमा प्रायोगात्मक परीक्षा दिन भन्दै घरबाट निस्किनुभएको थियो। तर, बिहान साढे ९ बजे उहाँलाई वीरेन्द्रनगर-६ नजिकैको जंगल क्षेत्रमा अचेत अवस्थामा भेटिएको थियो। तत्कालै प्रदेश अस्पताल कालागाउँ, सुर्खेत पुऱ्याइए पनि चिकित्सकले मृत घोषणा गरेका थिए। इनिसा वीरेन्द्रनगरस्थित उषा बाल वाटिका माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत हुनुहुन्थ्यो।

घटनापछि प्रहरीले बहुआयामिक अनुसन्धान अघि बढाएको थियो। नेपाल प्रहरी प्रदेश कार्यालय, नेपालगञ्जबाट 'पोलिग्राफ टेस्ट' र 'सिन एनालाइसिस' टोली खटाइएको थियो भने केन्द्रीय प्रहरी अनुसन्धान ब्युरो (सिआइबी)ले समेत प्राविधिक सहयोग प्रदान गरेको थियो। जिल्ला प्रहरी कार्यालयले छुट्टै अनुसन्धान टोली गठन गरेर घटनाको सूक्ष्म अध्ययन गरेको जनाएको छ। प्रहरी उपरीक्षक (एसपी) सुधीरराज शाहीले पोष्टमार्टम रिपोर्टले अत्यधिक रक्तश्रावका कारण मृत्यु भएको देखाएको बताउनुभएको थियो।

### कानुनी कारबाही र क्षतिपूर्ति माग

अभियुक्तहरू सबै १८ वर्षमुनिका भएकाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) अनुसार कारबाही प्रक्रिया अघि बढाइएको छ। साथै अपराधपीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित परिवारका लागि क्षतिपूर्ति मागसमेत गरिएको सरकारी वकिल कार्यालयले जनाएको छ। घटनापछि इनिसाको शव हालसम्म कर्णाली प्रादेशिक अस्पताल, कालागाउँमै राखिएको छ। पीडित परिवारले न्याय नपाएसम्म शव नबुझ्ने अडान लिएका छन्। यसले घटनाको संवेदनशीलता अझ बढाएको छ।

इनिसा विकको मृत्यु प्रकरणले अहिले सुर्खेत मात्र होइन, देशव्यापी रूपमा न्याय प्रणाली, अनुसन्धान प्रक्रिया र बालअपराधसम्बन्धी कानुनी व्यवस्थामाथि गम्भीर प्रश्न उठाएको छ। प्रहरी र सरकारी वकिलको फरक-फरक निष्कर्षले सत्यतथ्य पत्ता लगाउने प्रक्रियालाई अझ चुनौतीपूर्ण बनाएको छ। अब अदालतमा हुने बहस, प्रमाणहरूको परीक्षण र न्यायिक निर्णयले मात्र यस घटनाको वास्तविकता उजागर गर्ने अपेक्षा गरिएको छ।

### काउण्टर प्रदर्शन

घटनामा आरोपित तीन किशोरका आफन्तहरूले भने सरकारी वकिल कार्यालयको निष्कर्षप्रति असहमति जनाउँदै आइतबारदेखि धर्ना सुरु गरेका छन्। उनीहरूले प्रहरीको अनुसन्धान र सरकारी वकिलको अभियोगबीच विरोधाभास रहेको दाबी गर्दै निर्दोषलाई फसाउन खोजिएको आरोप लगाएका छन्। प्रदर्शनकारीहरूले निष्पक्ष अनुसन्धानको माग गर्दै न्यायालयलाई प्रभावित पार्ने प्रयास गर्नेहरूमाथि कारबाही हुनुपर्ने मागसमेत गरेका छन्।

## सांसदहरूसँग प्रधानमन्त्रीको...

« पृष्ठ १ बाट क्रमशः

सांसदहरूसँगको छलफलका क्रममा प्रधानमन्त्री शाहले मुख्यतया तीनवटा सन्देश दिनुभएको सहभागी सांसदहरूले बताएका छन्। पहिलो, सरकारको पहिलो वर्ष पूर्णरूपमा 'शासकीय सुधार'मा केन्द्रित रहनेछ। दोस्रो, आगामी बजेट वितरणमा कुनै पनि क्षेत्रलाई अन्याय नहुने र सबैतिर समान रूपमा बजेट पुग्नेछ। र तेस्रो, स्थानीय स्तरमा तत्कालै समाधान गर्नुपर्ने कुनै समस्या भएमा सिधै प्रधानमन्त्री कार्यालयसँग समन्वय गर्न उहाँले सांसदहरूलाई आग्रह गर्नुभएको छ।

छलफलमा रास्वपा सांसद यज्ञमणि न्यौपानेले प्रधानमन्त्री आफैँले तत्काल समाधान गर्नुपर्ने समस्या र तिनका उपायबारे जिज्ञासा राखेको जानकारी दिनुभयो। जवाफमा प्रधानमन्त्रीले बजेटको उपलब्धताका आधारमा आयोजनाहरूलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाउनुभएको छ। जेठ १५ गते आउने आगामी आर्थिक वर्षको बजेटका लागि प्री-बजेट छलफलअगावै सांसदहरूको राय लिनुलाई सरकारले बजेट निर्माणको तयारी सुरु गरेको संकेतका रूपमा लिइएको छ।

## राजनीतिक प्रश्नमा...

« पृष्ठ १ बाट क्रमशः

यसैगरी, सांसदहरूले आफ्नो कार्यसम्पादनका लागि स्वकीय सचिवको व्यवस्था पुनः सुचारु गर्न माग गरेका थिए। सुशीला कार्की नेतृत्वको सरकारले सांसदहरूको स्वकीय सचिव राख्ने व्यवस्था हटाएको थियो। तर, यी दुवै विषय- ओलीको रिहाइ र स्वकीय सचिवको सुविधामा प्रधानमन्त्री शाहले कुनै प्रतिक्रिया नदिई मौनता साँध्नुभयो। श्रम संस्कृति पार्टीका अध्यक्ष एवं सांसद हर्क साम्पाङले प्रधानमन्त्रीले बोलाएको बैठकलाई 'कोठे बैठक' को संज्ञा दिँदै बहिष्कार गर्नुभयो। उहाँले सामाजिक सञ्जालमा लेख्दै प्रधानमन्त्रीले सदन (संसद्) बोलाउन पहल नगरी कोठामा छलफल गर्नुको अर्थ नरहेको टिप्पणी गर्नुभयो। हप्तामा कम्तीमा एकपटक संसद् बैठक बस्नुपर्ने र जनताका प्रश्नको उत्तर सदनमै दिनुपर्ने साम्पाङको अडान छ। चैत १९ गतेदेखि संघीय संसद्को अधिवेशन सुरु हुने कार्यतालिका रहे पनि साम्पाङले तत्कालको उत्तरदेहिता खोज्नुभएको छ।

## ओली र लेखकलाई...

« पृष्ठ १ बाट क्रमशः

भन्दै ओली र लेखकलाई तत्काल रिहाइ गर्न माग गर्दै आइतबार बन्दी प्रत्यक्षीकरणका रिट छुट्टाछुट्टै दायर भएका थिए। भदौ २३ र २४ गतेको 'जेन-जी' आन्दोलनको घटनामा अनुसन्धानका लागि पक्राउ परेका कांग्रेस नेता लेखकका तर्फबाट यशोदा लेखकले र ओलीको तर्फबाट राधिका शाक्यले सर्वोच्चमा रिट दायर गर्नुभएको थियो।

भदौ २३ र २४ मा भएको 'जेन-जी' प्रदर्शनमा किशोर किशोरको ज्यान जानेगरी हेलचेक्र्याइँ गरेको सिफारिशको आधारमा ओली र लेखकलाई पक्राउ गरी अनुसन्धान सुरु भएको हो। दुवै जनालाई पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न आइतबार काठमाडौं जिल्ला अदालतले अनुमति दिएको थियो।

सर्वोच्च अदालतले आदेशमा भनेको छ, 'सम्वत २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले नेपाल सरकारसमक्ष पेस गरेको प्रतिवेदन तथा अनुसन्धानको क्रममा तयार पारिएको सक्कल मिसिलसमेत महान्यायाधिवक्ताको कार्यालयमार्फत झिकाइ पेस गर्नू।' सर्वोच्च अदालतले लेखकलाई जरुरी पक्राउ पुर्जी दिनुपर्ने अवस्था थियो कि थिएन ? भनेरसमेत आफ्नो चासो प्रकट गरेको छ।सर्वोच्चले आदेशमा भनेको छ, 'पक्राउ गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६)को पूर्वअवस्थाको विद्यमानता रहे/नरहेको समेत खुल्नेगरी बाटोको म्यादबाहेक सूचना पाएको मितिले तीन दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू।' उक्त दफामा तत्काल पक्राउ नभएमा त्यस्तो व्यक्ति भाग्ने, उम्कने अनि उनले प्रमाण, दसी वा सबुद नष्ट गर्ने कारण भएमा मात्रै जरुरी पक्राउ पुर्जी जारी गर्न सकिने व्यवस्था छ। सर्वोच्च अदालतले कानुनमा भएका ती अवस्था पक्राउ गर्ने क्रममा विद्यमान थिए कि थिएनन् ? भनी चासो व्यक्त गर्दै कारण पनि खुलाउन भनेको हो।

## एमालेका शीर्ष...

« पृष्ठ १ बाट क्रमशः

सचिव बस्नेतले सामाजिक सञ्जालमार्फत सबै कार्यकर्ता तथा समर्थकलाई आन्दोलनमा सहभागी हुन आह्वान गर्नुभएको थियो। उपत्यका विशेष कमिटीको आयोजनामा सम्पन्न उक्त प्रदर्शनमा ठूलो संख्यामा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

सरकारले 'जेन-जी' आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा चैत १४ गते पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेपछि एमाले आक्रोशित बनेको छ। उक्त कदमलाई एमालेले राजनीतिक प्रतिशोधको संज्ञा दिँदै लगातार तीन दिनदेखि सडक आन्दोलन गर्दै आएको छ। आन्दोलनस्थलमै सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै सचिव शेरधन राईले सरकारमाथि गम्भीर आरोप लगाउनुभएको छ। उहाँले मुलुकलाई द्वन्द्वतर्फ धकेल्ने प्रयास भइरहेको दाबी गर्दै 'देशलाई मुठभेडतर्फ धकेलेर युक्रेनजस्तै अवस्थातिर लैजान खोजिएको' आरोप लगाउनुभयो। साथै, उहाँले वर्तमान सरकार जनादेशको उन्मादमा चलिरहेको र लोकतान्त्रिक मूल्य-मान्यतालाई बेवास्ता गरिरहेको टिप्पणी पनि गर्नुभयो। राईले अध्यक्ष ओलीको रिहाइ नभएसम्म आन्दोलन जारी रहने स्पष्ट पार्नुभयो। एमालेले आगामी दिनमा अझ सशक्त र व्यापक आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने संकेत दिएको छ। यसैबीच, राजनीतिक वृत्तमा उक्त घटनाले थप तनाव सिर्जना गरेको छ। सत्तापक्ष र प्रतिपक्षबीच आरोप-प्रत्यारोप तीव्र बन्दै जाँदा मुलुकको राजनीतिक वातावरण थप तरल बन्ने संकेत देखिएको छ।

## लुम्बिनी प्रदेशसभा...

« पृष्ठ १ बाट क्रमशः

गरेको अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठले जानकारी दिनुभयो। शर्मामाथि बालबालिकासम्बन्धी ऐनअन्तर्गत अनुसन्धान अघि बढाउने तयारी गरेको प्रहरीले जनाएको छ।

■ निकुञ्जका श्रमिकको व्यथा

# करारमै बित्यो जिन्दगी, स्थायी गराउन कानुन बाधक

**सरिता पौडेल/हिटा**

चितवन, १६ चैत

जंगलभित्र हात्तीको भरोसा बनेकाहरू, आफ्नै भविष्यमा भने वर्षौंदेखि अन्योलमा छन् । सरकारी संरचनाभित्रै खटिए पनि स्थायित्व नपाउँदा उनीहरूको जीवन संघर्षमै सीमित छ । दिनहुँ जोखिम मोलेर काम गर्ने यी श्रमिकहरूका लागि बुढेसकाल झन् ठूलो चिन्ताको विषय बनेको छ । जसले जीवनको ऊर्जाशील समय निकुञ्ज र हात्तीको सेवामा बिताए, तिनै हातहरू आज आफ्नै भोलिको सुरक्षा खोजिरहेका छन् । नीतिगत अस्पष्टता र दरबन्दीको अभावले उनीहरूको योगदानभन्दा बढी उनीहरूको असुरक्षा उजागर गरेको छ ।

चितवनको सौराहास्थित खोरसोरमा रहेको हात्ती प्रजनन तथा तालिम केन्द्रमा कार्यरत लक्ष्मण चौधरी यस्तै एउटा पात्र हुन् । बिहानैदेखि हात्ती नुहाउने, खाना खुवाउने र चराउन जंगल लैजाने उहाँको दैनिकी हो । यतिमात्र होइन बेलुका फर्कंदा हात्तीका लागि घाँस बोकेर ल्याउनु पनि उहाँको जिम्मेवारी हो । झण्डै साढे दुई दशकदेखि यही काममा समर्पित भए पनि उहाँ अझै करारमै सीमित हुनुहुन्छ ।

सरकारी संरचनाभित्रै काम गर्दा पनि स्थायी हुन नपाएको पीडा उहाँसँग छ । 'सुरुमा वर्षौंसम्म कर्मचारी माग भएन, पछि आयो तर उमेर हदले रोकियो', उहाँ भन्नुहुन्छ । अहिले उहाँका धेरै साथीहरू सेवा अवधि पूरा गरेर



पेन्सनसहित घर फर्किसके, तर उहाँजस्ता श्रमिक भने रित्तो हात फर्किने चिन्तामा छन् । रौतहट घर हुनुभएका लक्ष्मणले २०५९ सालदेखि यो केन्द्रमा काम थाल्नुभएको हो । कामकै क्रममा ज्यान नै जोखिममा परेको अनुभव पनि उहाँसँग छ । जंगलमा हात्ती चराउँदा जंगली हात्तीले आक्रमण गरेपछि उहाँ खसेर खुट्टा भाँचिएको घटना अझै ताजै छ । 'त्यो चोटले वर्षौं दुःख दियो, अब उमेर पनि ढल्कियो, अर्को विकल्प देख्दिन', उहाँ भन्नुहुन्छ ।

यस्तै, अवस्था सरोजकुमार चौधरीको पनि छ, उहाँ विगत १४ वर्षदेखि यही केन्द्रमा कार्यरत हुनुहुन्छ । हात्ती चराउने क्रममा एकपटक हात्तीले कुल्चिँदा उहाँको पेटमै गम्भीर चोट लाग्यो । 'बच्चा हात्ती थियो, जंगली हात्तीसँग डरायो, बचाउन खोज्दा उल्टै ममाथि टेक्यो', उहाँ सम्झिनुहुन्छ । भरतपुर अस्पतालमा गरिएको शल्यक्रियाले ज्यान जोगिए पनि अहिले उहाँ पूर्णरूपमा काम गर्नसक्ने अवस्थामा हुनुहुन्न ।

नेपालका निकुञ्ज र संरक्षण क्षेत्रमा सयभन्दा बढी हात्ती छन्, जसको हेरचाहका लागि तीन सयभन्दा बढी जनशक्ति खटिएका छन् । तर, स्थायी दरबन्दीको अभावले अधिकांश करारमै निर्भर छन् । केन्द्र प्रमुख मनिपुरन चौधरीका अनुसार एउटा हात्तीका लागि माउत, फनेत र पछुवा गरी तीनजना आवश्यक पर्छन्, तर हालको संरचनाले त्यो आवश्यकता धान्न सकिरहेको छैन ।

देशभर यी तीन पदमा सीमित दरबन्दी हुँदा आधाभन्दा बढी स्थान खाली छन् । स्थायित्व नहुँदा कर्मचारी पलायन बढ्दो छ- पछिल्लो महिना मात्रै चितवनबाट ११ जनाले काम छाडेका छन् । अहिले पनि १५० भन्दा बढी हात्ती सुसारे करारमै छन्, जसको व्यवस्थापन चुनौती बन्दै गएको छ ।

वन तथा वन्यजन्तु संरक्षण क्षेत्रमा खटिएका यी श्रमिकहरूको भविष्य अन्योलमा रहनुको मुख्य कारण कानुनी जटिलता पनि हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका वरिष्ठ इकोलोजिष्ट तथा सूचना अधिकारी हरिभद्र आचार्यका अनुसार हात्ती सुसारेहरूलाई निजामती सेवाअन्तर्गत समेट्ने स्पष्ट व्यवस्था नहुँदा समस्या झन् बढिरहेको छ । 'हात्ती सञ्चालन गर्ने पद त छ, तर नियमित रूपमा विज्ञापन हुँदैन', उहाँले भन्नुभयो, 'विशेष अनुरोध गरेर मात्रै बजेटको व्यवस्था गर्नुपर्ने अवस्था छ ।' उहाँका अनुसार हात्ती सुसारे विशेष प्रकारको सीप र अनुभव भएका जनशक्ति हुन्, जसलाई कानुनमै विशेष व्यवस्था नगरेसम्म स्थायी रूपमा नियुक्त गर्न कठिन छ । वर्षौंदेखि जंगल र हात्तीको सुरक्षामा खटिएका यी श्रमिकहरू आज आफ्नै सुरक्षाको पर्खाइमा छन् । जहाँ सेवा छ, तर सुनिश्चित भविष्य अझै टाढा देखिन्छ ।

## ट्याक्टर दुर्घटनामा एक जनाको मृत्यु, दुई घाइते

**लमजुङ ।** लमजुङको मर्स्याङ्दी गाउँपालिका-९ पामचोकको भित्री सडकमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । दुई जना घाइते भएका छन् । खुदीबाट भलामचौरतर्फ जाँदै गरेको ग १ त ५६४६ नम्बरको खाली ट्याक्टर आइतबार राती करिब १० बजेतिर सडकबाट तीन-चार मिटर तल खसेर दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनामा परेर तीन जना घाइते भएकोमा ट्याक्टर चालक ताप्लेजुङ पाथीभरा याङ्वरक गाउँपालिका-१ घर भई हाल मर्स्याङ्दी गाउँपालिका-९ क्षेत्र मिदिम हाइड्रोपावरको ट्रान्समिसन लाइनमा कार्यरत ३३ वर्षीय सुजन राईको मृत्यु भएको हो । गम्भीर घाइते उनलाई उपचारका लागि बेंसीशहरस्थित प्रदेश अस्पताल लमजुङ ल्याइएकोमा उपचारका क्रममा सोमबार बिहान साढे ३ बजेतिर चिकित्सकले मृत घोषणा गरेका छन् । घाइतेमध्ये ताप्लेजुङ फुङलिङ नगरपालिका-९ घर भई हाल मिदिम हाइड्रोपावरको ट्रान्समिसन लाइनमा कार्यरत ३२ वर्षीय दीपेश लिम्बूको टाउको तथा दुवै हातखुट्टामा चोट लागेको छ । अर्का घाइते ताप्लेजुङ घर भई हाल झापा बुद्धशान्ति गाउँपालिका-४ बसोबास गर्दै सोही ट्रान्समिसन लाइनमा कार्यरत २६ वर्षीय सुमन राईको छाती र बायाँ हातमा चोट लागेको छ ।

WULING MOTORS 五菱汽车

**Master Franchaiser: Ever Green Energy & Investment Pvt Ltd**
Bagdol - 4, Lalitpur, Nepal
Contact: +977 98023561077, +977 9852041927

**MRP Notice**

WULING 14 Seater Electric Passenger Van

| Product Name | No of Seats | Range (NEDC) | Motor (KW) | Battery (kWh) | Made | MRP (NPRs)/Unit |
|---|---|---|---|---|---|---|
| Wuling | 12+2 | 302 KM | 75 | 41.86 | China | 5,000,000.00 |

**व्यक्तिगत जमानत दायित्वको कर्जा चुक्ता गर्ने सम्बन्धी ९० दिने सार्वजनिक सूचना**

यस हिमालयन बैंकको विभिन्न शाखाबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको कर्जामा बैंकको लेना रकम असुल उपर गर्नको लागि विभिन्न मितिमा पत्रद्वारा ताकेता गर्दा, विभिन्न मितिमा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना, १५/७ दिने धितो लिलाम विक्रीको सूचना प्रकाशित गर्दा धितोको सम्पत्ति लिलाम बिक्री भई वा नभई, बैंक आफैले धितो सुरक्षण बमोजिमको सम्पत्ति बैंकको नाममा गैर बैंकिङ्ग सम्पत्तिका रुपमा सकार गरी लिलाम बिक्री वा सकारबाट प्राप्त रकमलाई कर्जाको साँवा, व्याज रकममा समायोजन गर्दा ऋणीबाट बैंकले असुल उपर गर्नु पर्ने लेना रकम साँवा, ब्याज बाँकी रहेको/रहने हुँदा बैंकबाट प्रवाह भएको कर्जाको निमित्त यस बैंक समक्ष तपाईले गरिदिनु भएको व्यक्तिगत/संस्थागत जमानतको शर्त बमोजिम यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज चुक्ता गर्न आउन हुन सूचित गर्दछौं । प्रकाशित सूचनाको म्याद भित्र कर्जामा ऋणीले तिर्न बाँकी रहेको रकम चुक्ता भुक्तान हुन नआए तँहालाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा समावेस गर्न सिफारिस गरिनुका साथै बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, तथा प्रचलित कानून बमोजिम कर्जाको साँवा, ब्याज तपाई जमानतकर्ता समेतबाट असुल उपर गर्न थप कानूनी प्रकृया अपनाउने व्यहोरा जानकारी गराउन चाहन्छौं ।

तपसिल

| ऋणीहरूको विवरण | व्यक्तिगत/संस्थागत जमानतकर्ताको विवरण |
|---|---|
| **शाखा कार्यालय: ईनरुवा शाखा, सुनसरी** | |
| घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा दर्ता भएको प्रा.फ.र.नं. ४२६३/०७२/०७३ कायम भइ मिति २०७२/०८/१० मा दर्ता भएको **खुश्बु इन्टरप्राईजेज (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: अमृत क्षेत्री** | रेनु खत्री |

HBL Himalayan Bank Ltd. हिमालयन बैंक लिमिटेड

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं

## अख्तियारद्वारा विद्यालय व्यवस्थापन समिति अध्यक्षसहित तीन जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**हिमालय टाइम्स**

काठमाडौं, १६ चैत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जुम्लाको तातोपानी गाउँपालिकाको वडा नम्बर १ स्थित श्री गणेश माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तिलप्रसाद भट्टराईसहित तीन जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

छात्रवृत्ति बापतको रकम विगत पाँच वर्षदेखि वितरण नगरेको र दिवा खाजा बापतको रकम हिनामिना गरेको



अभियोगसहित आयोगले सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

आयोगले भट्टराईसहित विद्यालयका प्रधानाध्यापक नरेन्द्रबहादुर महत र लेखा सहायक कृष्ण कामीलाई प्रतिवादी कायम गरेको छ । उनीहरू तीनै जनाविरुद्ध जनही एक लाख ४५ हजार ३५० रुपैयाँ बिगो कायम गरिएको छ ।

विद्यालयलाई प्राप्त छात्रवृत्ति रकम सम्बन्धित छात्राहरूलाई वितरण नगरेको तथा एक आपसमा मिलेमतो गरी झुट्टा भरपाई बनाइ अनियमितता गरेको अभियोगपत्रमा उल्लेख छ ।

**मालपोत कार्यालय, सिन्धुपाल्चोकबाट जारी भएको संशोधनको हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०८२/१२/१७)

तपसिलमा लेखिएको कान्छा लामा तामाङ निवेदकले जङ्बु तामाङको नाममा भएको निम्न लिखित जग्गाहरु नामसारी गरी पाऊ भनि जिल्ला मेलम्ची- ४ सिन्दुपाल्चोक को सिफारिस सहित नामसारी दा.खा. माग गर्न आएकोमा उक्त जग्गाहरु निवेदकका नाउमा नामसारी हुनु नपर्ने कुनै कारण भए वा निवेदक वाहेक अरु हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सवुत प्रमाण सहित हक दावी गर्न आउनु होला । अन्यथा माग भए अनुसार निवेदकको नाममा नामसारी भै जानेछ । पछि कुनै किसिमको दावी उजुरी नलाग्ने व्यहोरा समेत सर्वसाधारण सवैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जग्गाको विवरण**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनी | कैफियत / मोही |
|---|---|---|---|---|---|---|
| सि.पा. | थकनी | ८ | २७२ | ५-९-३-१ | जङ्बु तामाङ | |
| सि.पा. | थकनी | ८ | २७९ | २-८-३-० | जङ्बु तामाङ | |
| सि.पा. | थकनी | ८ | २९२ | ३-०-२-२ | जङ्बु तामाङ | |

**संशोधन माग भएको विवरण**

| भएको विवरण | संशोधन पछि कायम हुने विवरण |
|---|---|
| नामः जङ्बु तामाङ<br>ठेगानाः तलाखु - ८, नुवाकोट<br>बाबुः फाटा<br>बाजे: .....................<br>ना.प्र. नं. ..................... | कान्छा लामा तामाङ<br>मेलम्ची- ४ सिन्दुपाल्चोक<br>जेठा लामा तामाङ<br>सानु<br>२५१६६८६/२०४४/०९/२८ नुवाकोट |

**नेपाल खानेपानी संस्थान**
**शाखा कार्यालय गौशाला**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०८२।१२।१७

यस शाखाबाट मिति २०८२।१०।२८ मा हिमालय टाइम्समा तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको **website: http://www.bolpatra.gov.np/egp** मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये सारभुतरुपमा प्रवाहग्राही भई न्यूनतम मूल्याङ्कित तपसिलमा उल्लेखित बोलपत्रदाता छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) बमोजिम स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | कार्य विवरण | ठेक्का नं. | छनोट भएको बोलपत्रदाता | स्वीकृत रकम रु (with VAT) |
|---|---|---|---|---|
| 1 | Supply & Delivery of 15mm Dia AMR Compatible Volumetric type Water Meter | 03/NWSCGAUSHALA/ Goods/2082-083 | Manakamana Drilling Company Pvt.Ltd., Omsatiya -2,Rupandehi | 22,60,000.00 |

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८२ साल चैत महिना १७ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय नारायणगढबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) कर्जा शिर्षक : व्यवसायिक आबधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **दीक्षा लेडिज कलेक्सन** प्रोप्राइटरको नाम : पार्वती श्रेष्ठ प्रा.फ.र.नं. : १७५/०६५/०६६
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय प्रदेश नं. ३ भरतपुर दर्ता मिति : २०६५/०५/३१
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १ स्थायी लेखा नं. : ३०३०७०२१८

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) वीर बहादुर श्रेष्ठको छोरी नरेन्द्रराज श्रेष्ठको बुहारी दिपेन्द्रराज श्रेष्ठको पत्नी चितवन जिल्ला बघौडा वडा नं. ३ हाल, भरतपुर म.न.पा. वडा नं. १ बस्ने **पार्वती श्रेष्ठ** (ना.प्र.नं. : १६०२/०३४ जारी मिति र जिल्ला : २०५७/०७/१४, चितवन)

२) राम पसाद श्रेष्ठको नाति नरेन्द्रराज श्रेष्ठको छोरा चितवन जिल्ला बघौडा वडा नं. ३ हाल, भरतपुर म.न.पा. वडा नं. १ बस्ने **दिपेन्द्रराज श्रेष्ठ** (ना.प्र.नं. : १९९१ जारी मिति र जिल्ला : २०४६/०२/१३, चितवन)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१) मिति २०८०/०८/०७ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

२) मिति २०८१/०५/२० को कान्तिपुर राट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

३) मिति २०८१/०७/२३ को अन्नपुर्ण राट्रिय दैनिक पत्रिकामा कर्जा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**२) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

वीर बहादुर श्रेष्ठको छोरी नरेन्द्रराज श्रेष्ठको बुहारी दिपेन्द्रराज श्रेष्ठको पत्नी चितवन जिल्ला बघौडा वडा नं. ३ हाल, भरतपुर म.न.पा. वडा नं. १ बस्ने **पार्वती श्रेष्ठ** (ना.प्र.नं. : १६०२/०३४ जारी मिति र जिल्ला : २०५७/०७/१४, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राम पसाद श्रेष्ठको नाति नरेन्द्रराज श्रेष्ठको छोरा चितवन जिल्ला बघौडा वडा नं. ३ हाल, भरतपुर म.न.पा. वडा नं. १ बस्ने **दिपेन्द्रराज श्रेष्ठ** (ना.प्र.नं. : १९९१ जारी मिति र जिल्ला : २०४६/०२/१३, चितवन)

२) नर गोपाल थारुको नाति रत्नलाल महत्तो थारुको छोरा नवलपरासी जिल्ला अगौली वडा नं. ८ हाल, चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ३ बस्ने **दिल्ली राम महत्तो थारु** (ना.प्र.नं. : ४५९८ जारी मिति र जिल्ला : २०५३/११/२१, नवलपरासी)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

**Shuddhodhan Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Labani, Kapilvastu**

**Invitation of Bid**

**Date of Publication : 2082/12/17**

1. **Shuddhodhan Rural Municipality, Office of the Rural Municipal Executive** invites E-Bids from eligible and qualified bidders for the following construction works.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | 06/SRM/ WORKS/ NCB/2082-083 | Construction of Retaining Wall at Hardihawa Mahatiniya Sadak. | 90/120 days | 68,000.00 | 3000.00 | 2083/01/17 till 12:00 Hrs | 2083/01/17 at 13:00 Hrs |
| 2. | 01/SRM/ WORKS/ SQ/2082-083 | Supply, delivery and installation of 16m High Mast Light including all necessary accessories and structure. | 45/75 days | 25,000.00 | 1000.00 | 2083/01/03 till 12:00 Hrs | 2083/01/03 at 13:00 Hrs |

2. Information to deposit the cost of Bidding document and bid bond in the bank:

| Office Name | Shuddhodhan Rural Municipality, Labani Kapilvastu | |
|---|---|---|
| Rajaswa Khata No. | 06300257CA | Prime Commercial Bank, Labani, Kapilvastu |
| Dharauti Khata No. | 06300272CA | |

3. Bidders have to submit their bid electronically through e-procurement section of **PPMO's website http://www.bolpatra.gov.np/egp.** (online) only.
4. Pre-bid meeting (for NCB only) shall be held at **Shuddhodhan Rural Municipality, Labani, Kapilvastu, Date: 2083/01/07, Time: 13:00 hrs**
5. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese laws.
6. **Shuddhodhan Rural Municipality** reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.
7. If last date of purchasing and/or submission falls on government holiday, then next working day shall be considered as the last date.
8. Eligible Bidders may obtain further information from **PPMO website www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

## सम्पादकीय

# जनविश्वासको परीक्षा सुरु

देशमा नयाँ सरकार गठन भएसँगै राजनीतिक, प्रशासनिक र सामाजिक क्षेत्रमा तीव्र हलचल देखिएको छ। पर्याप्त बहुमतसहित सत्तामा आएको वर्तमान सरकारले प्रारम्भिक चरणमै आक्रामक र क्रान्तिकारी कदमहरू चाल्दै आफूलाई कार्यान्वयनमुखी सरकारका रूपमा प्रस्तुत गर्ने प्रयास गरेको छ। सरकार गठन भएको २४ घण्टाभित्रै विभिन्न उच्च राजनीतिक व्यक्तित्वहरूलाई पक्राउ गर्ने निर्णयले यस सरकारप्रति जनविश्वास बढाएको देखिन्छ। यसले विगतका आन्दोलन र घटनाहरूमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउने संकेतमात्र दिएको छैन, सरकार दृढताका साथ अघि बढ्ने सन्देश पनि प्रवाह गरेको छ।

सरकारका यी कदमहरूप्रति राजनीतिक दलहरूको प्रतिक्रिया मिश्रित देखिएको छ। केही दलले विरोध जनाए पनि ती विरोध सीमित दायरामै रहेका छन्। प्रमुख प्रतिपक्ष दलभित्रै समेत एकरूपता नदेखिनु र केही पक्षले अनुसन्धानमा सहयोग गर्ने प्रतिबद्धता जनाउनु सरकारका लागि सहज वातावरणको संकेत हो। पर्याप्त बहुमतका कारण सरकारलाई नीतिगत निर्णय र कार्यान्वयनमा खासै अवरोध नहुने स्पष्ट छ।

यसैबीच सरकारले सार्वजनिक गरेको १०० बुँदे मार्गचित्रले जनअपेक्षालाई अझ उचालिदिएको छ। योजनाहरू कागजमै सीमित नरही व्यवहारमा उतार्न सकिएमा देशको प्रशासनिक र आर्थिक संरचनामा उल्लेखनीय सुधार आउनसक्ने देखिन्छ। सार्वजनिक प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउने घोषणा विशेष महत्त्वको विषय हो। लामो समयदेखि आलोचना खेप्दै आएको प्रशासनिक प्रणालीमा सुधार ल्याउन यस्तो कदम अपरिहार्य मानिन्छ। सेवाप्रवाहमा ढिलासुस्ती, भ्रष्टाचार र अनियमितता अन्त्य गर्ने दिशामा यो नीति प्रभावकारी हुनसक्छ।

नागरिकलाई घरदैलोमै सेवा उपलब्ध गराउने योजना उत्तिकै महत्त्वपूर्ण छ। नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र जस्ता आधारभूत कागजात प्राप्त गर्न नागरिकले भोग्दै आएको झन्झट कम हुने अपेक्षा गरिएको छ। यससँगै कागजरहित तथा प्रविधिमैत्री सरकारी सेवा विस्तार गर्ने लक्ष्यले शासन प्रणालीलाई आधुनिक र पारदर्शी बनाउने सम्भावना बोकेको छ। उच्च पदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन, सार्वजनिक खरिद ऐन संशोधन, निजी क्षेत्रलाई प्रोत्साहन तथा राहत जस्ता कार्यक्रमले आर्थिक अनुशासन र सुशासनलाई बलियो बनाउने संकेत गरेका छन्। निष्क्रिय बैंक खाताहरूको रकम सरकारीकरण गर्ने प्रस्तावले राजस्व वृद्धिमा योगदान पुऱ्याउन सक्छ, यद्यपि यसका लागि स्पष्ट कानुनी र व्यावहारिक व्यवस्था आवश्यक रहनेछ।

शैक्षिक क्षेत्रमा सबै दलीय विद्यार्थी संगठनका संरचना हटाउने निर्णयले लामो समयदेखि जरा गाडेको राजनीतिक प्रभावलाई चुनौती दिएको छ। यसले शैक्षिक संस्थाहरूलाई शुद्ध शैक्षिक वातावरणतर्फ उन्मुख गराउन मद्दत पुऱ्याउन सक्छ, तर यसको कार्यान्वयनमा विरोध र चुनौती आउने सम्भावना उत्तिकै छ। सार्वजनिक यातायातमा महिलाको सुरक्षालाई ध्यानमा राख्दै निःशुल्क 'ब्लु बस' सञ्चालन गर्ने योजना सामाजिक दृष्टिले सकारात्मक पहल हो। यसले महिलाहरूलाई सुरक्षित र सहज यात्राको वातावरण प्रदान गर्ने अपेक्षा गरिएको छ।

सरकारले अघिल्लो घटनाहरूको छानबिनका लागि उच्चस्तरीय समिति गठन गर्ने प्रतिबद्धता जनाएको छ। विशेषगरी विवादित घटनाहरूमा सत्य तथ्य सार्वजनिक गर्ने, दोषीलाई कारबाहीको दायरामा ल्याउने प्रतिबद्धताले सरकारको पारदर्शिता र जवाफदेहिताप्रति प्रतिबद्धता देखाउँछ। वर्तमान सरकारको प्रारम्भिक सक्रियता, आक्रामक निर्णयशैली, सुधारमुखी प्रतिबद्धताले देशमा नयाँ आशा र उत्साह सिर्जना गरेको छ। तर, इतिहासले देखाएको यथार्थ के हो भने नेपालमा धेरै सरकारहरूले ठूलो उत्साहका साथ महत्त्वाकांक्षी योजना सार्वजनिक गरे पनि तिनको प्रभावकारी कार्यान्वयनमा कमजोर देखिएका उदाहरण प्रशस्तै छन्। त्यसैले यस सरकारको सफलता केवल योजनाको घोषणामा होइन, कार्यान्वयनको निरन्तरता, पारदर्शिता र परिणाममा निर्भर रहनेछ।

सबैभन्दा ठूलो चुनौती भनेको यही गति र दृढता दीर्घकालसम्म कायम राख्नु हो। प्रारम्भिक 'एक्सन'ले लोकप्रियता दिलाउन सक्छ, तर संस्थागत सुधार, कानुनी जटिलता, प्रशासनिक ढिलासुस्ती र सम्भावित राजनीतिक दबाबजस्ता पक्षहरूले सरकारको गति सुस्त पार्न सक्छन्। विशेषगरी भ्रष्टाचार नियन्त्रण, सार्वजनिक प्रशासन सुधार र राजनीतिक हस्तक्षेप हटाउने जस्ता विषय केवल नीतिगत निर्णयले मात्र सम्भव हुँदैनन्, यसका लागि संरचनागत परिवर्तन, दक्ष जनशक्ति र दृढ राजनीतिक इच्छाशक्ति आवश्यक पर्छ। अर्कोतर्फ, सरकारले अघि सारेका केही योजनाहरू जस्तै निष्क्रिय खाताको रकम सरकारीकरण, विद्यार्थी संगठन हटाउने वा व्यापक गिरफ्तार अभियान-व्यावहारिक, कानुनी र मानवअधिकारका दृष्टिले पनि संवेदनशील विषय हुन्। यस्ता निर्णय कार्यान्वयन गर्दा पर्याप्त अध्ययन, स्पष्ट कानुनी आधार र सर्वस्वीकार्य प्रक्रिया अपनाइनु जरुरी हुन्छ, अन्यथा यिनले दीर्घकालीन विवाद र असन्तोष निम्त्याउन सक्छन्।

जनसमर्थन अहिले सरकारको सबैभन्दा ठूलो शक्ति हो। तर, यही समर्थन अत्यधिक अपेक्षामा परिणत भइसकेको छ। यदि छोटो समयमै ठोस उपलब्धि देखिएन भने यही समर्थन असन्तुष्टिमा बदलिन सक्छ। त्यसैले सरकारका लागि प्राथमिकता निर्धारण, चरणबद्ध कार्यान्वयन र जनतासँगको निरन्तर संवाद अत्यन्त महत्त्वपूर्ण हुनेछ। समग्रमा हेर्दा, वर्तमान सरकार उत्साह, ऊर्जा र स्पष्ट योजनासहित अघि बढिरहेको देखिन्छ। जनसमर्थन, बहुमत र दृढ इच्छाशक्तिको संयोजनले यसलाई बलियो आधार दिएको छ। तर, योजनाहरू घोषणा गर्नुमात्रै पर्याप्त हुँदैन, तिनको प्रभावकारी कार्यान्वयन नै सफलता मापनको वास्तविक आधार हो। यदि सरकारले आफ्ना प्रतिबद्धता समयमै प्रभावकारी रूपमा पूरा गर्न सक्यो भने देशको राजनीतिक स्थिरता, सुशासन र विकासको यात्रामा महत्त्वपूर्ण उपलब्धि हासिल हुनसक्छ।

अन्ततः, यो सरकारका लागि अवसर र परीक्षा दुवै एकसाथ उपस्थित छन्। यदि यसले आफ्ना प्रतिबद्धतालाई व्यवहारमा उतार्दै सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई मजबुत बनाउन सक्यो भने नेपालको राजनीतिक संस्कारमा नयाँ मानक स्थापित हुनसक्छ। अन्यथा, यो पनि विगतका सरकारहरूजस्तै आशा जगाउने तर अपेक्षा पूरा गर्न नसक्ने सूचीमा सीमित हुने जोखिमबाट मुक्त रहने छैन।

# अवसरको निजीकरण, न्यायप्रणालीको चीरहरण

**कुनै समय पार्टीको सदस्य भएको व्यक्ति न्यायाधीश बन्दा उसले गरेका फैसलाले कत्तिको न्यायको रक्षा गरे ? के ती फैसलाहरू संविधानसम्मत थिए वा पार्टी हेडक्वार्टरसम्मत ? यदि यस्तै राजनीतिक कार्यकर्ताहरू प्रधानन्यायाधीश र न्यायाधीश भइरहने हो भने न्यायालय र प्रजातान्त्रिक शासनको चीरहरण हुने निश्चित छ।**



प्रा.देवीभक्त ढकाल

यो शीर्षक केवल एउटा राजनीतिक टिप्पणीमात्र नभएर आधुनिक नेपालको राज्यसत्ताको नैतिक पतन र संस्थागत विचलनमाथिको दार्शनिक र राजनीतिक प्रहार हो। यस विषयलाई उपनिषद्‌को न्यायदर्शन, राजनीतिको कुरूप यथार्थ र भविष्यको संशयलाई जोडेर व्यावहारिक व्याख्या र विश्लेषण गर्न जरुरी छ। अहिलेको राजनीतिक समस्या भनेको लोकतन्त्रको खोलमा लुटतन्त्रको भोग नै तीतो तर सत्यमा आधारित यथार्थ हो। उपनिषद्‌को ऋचाले भन्छ, अरूको भाग नखोस, त्यागपूर्वक उपभोग गर तर आजको नेपाली राज्यसत्ताको मूलमन्त्र सर्वस्व कब्जा गर्नु भएको छ। लोकतन्त्रको खोलभित्र जब राज्यका अवसर एउटा निश्चित समूह वा आफ्नाका लागि निजीकरण गरिन्छ तब त्यहाँ न्यायप्रणालीको चीरहरण सुरु हुन्छ। विडम्बना जहाँ आमजनताका लागि जीवन धान्ने विषय पहिरो जस्तै जोखिमपूर्ण छ त्यहाँ सत्ताको नजिक हुनेहरूका लागि अवसरको ओइरो छ।

राज्यका तीनै अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका अहिले निजीकरणको चरम शिकार भएका छन्। जब विश्वविद्यालयको उपकुलपतिदेखि न्यायालयको न्यायाधीशसम्म योग्यताका आधारमा होइन, पार्टीको झोला बोकेको आधारमा नियुक्त गरिन्छ त्यहाँ मेधाको हत्यामात्रै हुँदैन सत्य र न्यायको समेत घाँटी निमोठिन्छ। सेवाबाट अवकाशप्राप्तले देशको चिन्ता गरिरहँदा, ऊर्जावान् युवाहरू खाडीको मरुभूमिमा पसिना बगाउनुको मुख्य कारण नै अवसरको निजीकरण हो। केही सीमित नेता र तिनका आसेपासेले राज्यका स्रोतहरूलाई आफ्नो निजी बिर्ता सम्झनु नै वर्तमानको सबैभन्दा ठूलो अधर्म हो। सबै पार्टीको सेन्डिकेटतन्त्रले देश थला परेको छ।

न्यायप्रणालीलाई लोकतन्त्रको अन्तिम सहारा मानिन्छ। उपनिषद्‌ले न्यायलाई धर्मको उच्चरूप मानेको छ तर एमाले, कांग्रेस, माओवादीहरूले न्यायालयलाई आफ्ना कार्यकर्ता व्यवस्थापन गर्ने र आफ्ना कुकर्म ढाक्ने थलो बनाए। कुनै समय एउटा राजनीतिक दलको समर्थनमा ढुंगा हान्नेहरूको नेतृत्व गर्नेहरू र राजनीतिक पार्टीको प्रत्यक्ष ओतमा रहेर समानुपातिक सूचीबाट माननीय बनेकी सपना प्रधान जस्ता व्यक्तिलाई सिधै सर्वोच्चको न्यायाधीश बनाइनु र भोलि प्रधानन्यायाधीशको रोलक्रममा राख्नुभनेको न्यायको मुटुमा खन्ती प्रहार गर्नु हो। अब पनि सपनाहरू जस्ता पार्टीका मान्छेलाई नै रोलक्रमका नाममा प्रधानन्यायाधीश बनाउने कि लोकसेवा आयोगबाट छनौट भएर आएका योग्यलाई बनाउने भन्ने विषयमा वर्तमान सरकारले समयमै बुद्धि पुऱ्याएन भने यस्ता प्रधानन्यायाधीशको नियुक्तिबाट सुशासनको हत्या हुनेछ।

न्यायिक पवित्रताको लिलामी नै देश र जनताको दुर्भाग्य हो। जब न्यायाधीशको लुगाभित्र पार्टीको झण्डा लुकेको हुन्छ तब उसले गर्ने फैसलाले सत्यमेव जयते होइन दलमेव जयतेको रक्षा गर्छ। कांग्रेस, एमाले र माओवादीले कार्यकर्तालाई न्यायाधीश बनाएर न्यायालय जस्तो पवित्र संस्थालाई टुकुचा जस्तै दुर्गन्धित बनाएका छन्। काठमाडौंको टुकुचा सफा गर्न सफल बालेन शाह वा नयाँ भनिएको रास्वपा जस्ता शक्तिहरूले राजनीतिक टुकुच सफा गर्न सक्लान् कि आफैं डुबेर सकिएलान् ? यो आजको अहम् प्रश्न हो। पात्र फेरिएरमात्र हुँदैन, यदि प्रवृत्ति पुरानै भागबण्डा र असन्तुष्टिको जगमा उभियो भने उही प्रवृत्तिको शिकार हुने डर रहन्छ।

रास्वपालाई मतदान गरेर पनि किन आशावादी हुनसकेका छैनन् ? यो नेपाली राजनीतिको दर्दनाक पक्ष हो। रास्वपामा पनि देउवा, दाहाल र ओलीका पार्टीहरूबाट असन्तुष्ट भएका पात्रहरूको बाहुल्य हुनुले जनता सशंकित छन्। यदि उनीहरूले आफ्ना निकटकालाई अवसर दिने पुरानै बाटो रोजे भने उनीहरू पनि टुकुचामै बिलीन हुनेछन्। प्रधानन्यायाधीशको रोलक्रममा रहेका र शक्तिकेन्द्रको सेवा गरेकाहरूको विगतका फैसलाको खरो र दरिलो पब्लिक अडिट हुनु अनिवार्य छ। कुनै समय पार्टीको सदस्य भएको व्यक्ति न्यायाधीश बन्दा उसले गरेका फैसलाहरूले कत्तिको न्यायको रक्षा गरे ? के ती फैसलाहरू संविधानसम्मत थिए वा पार्टी हेडक्वार्टरसम्मत ? यदि यस्तै राजनीतिक कार्यकर्ताहरू प्रधानन्यायाधीश र न्यायाधीश भइरहने हो भने न्यायालय र प्रजातान्त्रिक शासनको चीरहरण हुने निश्चित छ।

नेपाललाई अहिले ओली, दाहाल वा देउवा जस्ता आफैं सकिने र देशलाई पनि सक्ने नेतृत्व होइन गल्तीलाई सच्याउने र सच्चिने राजनीतिज्ञ चाहिएको छ। उपनिषद्‌ले भन्छ, सत्य बोल र धर्मको आचरण गर तर नेतृत्वमा सत्य र न्यायप्रतिको निष्ठा हालसम्म शून्य प्रायः छ। राज्यका अवसर सार्वजनिक परीक्षणमार्फत वितरण गरिनुपर्छ। न्यायाधीश नियुक्तिमा कुनै दलको राजनीतिक संलग्नता पूर्णतः निषेध गरिनुपर्छ। देश कहिलेसम्म यो विडम्बनाको शिकार हुने ? यसको जवाफ कुनै एउटा पात्रसँग छैन। यो त समग्र प्रणालीको सल्यक्रियामा निर्भर गर्छ।

> **जब न्याय दिने ठाउँमा आफ्ना मान्छे हुन्छन् तब नेताहरू नीतिगत भ्रष्टाचार र अपराधबाट सुरक्षित हुन्छन्। सुरक्षा सुनिश्चित गर्नकै लागि अवसरहरू निजी बनाइएका हुन्। अनुभवी मस्तिष्कसँग योजना छ तर कार्यान्वयन गर्ने शक्ति छैन। युवा पाखुरासँग शक्ति छ तर स्वदेशमा योजना र अवसर छैन।**

अब नागरिकहरू केवल मतदातामात्र भएर पुग्दैन, उनीहरू जनप्रतिनिधिहरूका कामको अडिटर बन्नुपर्छ। प्रजातन्त्र तबमात्र जीवित रहन्छ जब अवसर न्यायोचित हुन्छन् र न्यायाधीशहरू दलका दास होइन संविधानका रक्षक हुन्छन्। एकातिर अनुभव र ज्ञानले भरिएका प्राज्ञिक अभिभावक देशको अधोगति देखेर चिन्तित छन् भने अर्कोतिर देश निर्माणको मेरुदण्ड मानिने ऊर्जावान् युवाहरू खाडीको ५० डिग्री तातोमा पसिना बेच्न विवश छन्। यसको मुख्य कारण अवसरको निजीकरण हो। अवसरको निजीकरणको पहिलो स्वरूप भनेको राज्यका पद र सुविधालाई नेताको निजी सम्पत्ति झैं बाँडिनु हो।

जब सरकारी नियुक्ति, आयोजना र अवसरमा खुल्ला प्रतिस्पर्धाको सट्टा गोजीका मान्छे राखिन्छ तब साधारण तर योग्य युवाले आफ्नो भविष्य अन्धकार देख्छ। विश्वविद्यालयदेखि प्राविधिक क्षेत्रसम्म दलीय भागबण्डाले जरो गाड्छ तब उसको विकल्प नै विदेश पलायन बाँकी रहन्छ। जब न्यायाधीश जस्तो पवित्र पद वा विश्वविद्यालयको उपकुलपति जस्तो प्राज्ञिक पदमा पार्टीका मानिसहरूलाई भर्ती गरिन्छ तब संस्थाको गरिमा, मर्यादा र गुणस्तर समाप्त हुन्छ।

राज्यका ठूला परियोजना र स्रोतहरूमा नीतिगत भ्रष्टाचार, नातावाद, भाइभतिजावादका कारण सीमित राजनीतिक-व्यापारिक घरानाको कब्जा सामान्य लाग्छ। किनकि नीति बनाउने ठाउँमा आफ्ना मान्छेहरू पुऱ्याइन्छ, जसले आमजनतालाई होइन केही सीमित क्रोनिक क्यापिटालिस्टलाई पोस्ने काम गर्छन्। परिणामस्वरूप साना उद्यमी र इमानदार युवाहरूका लागि बजारमा समान अवसरको मैदान छैन। अवसरहरू केही मुठ्ठीभर मानिसको निजी भान्सामा पाक्ने भएपछि आमयुवाका लागि देश मरुभूमि र मरुभूमि आशाको केन्द्र बन्न पुगेको छ।

यदि कुनै युवाले देशमै केही गर्छु भन्दा उसलाई राजनीतिक वा प्रशासनिक रूपमा अन्याय भयो भने उसले न्याय माग्न जाने ठाउँ न्यायालय पनि दलीय प्रभावमै हुन्छ भने युवाहरू कति निराश हुन्छन् यो अनुमान गर्न नसकिने विषय नेपालीले भोग्दैछन्। राष्ट्रिय स्वतन्त्र पार्टीमा पनि असन्तुष्टहरूको बाहुल्य हुनुले एउटा डरलाग्दो सन्देश दिएको छ कि पात्र फेरिने, प्रवृत्ति नफेरिने रोगबाट आगामी दिनमा नेपाली जनता पीडित हुनुपर्ने हो कि भन्ने संशय कायम नै छ। यस पार्टीमा प्रणाली बदल्न होइन भाग खोस्नमात्र नयाँ आएका हुन् भन्ने जनताको विश्वासलाई तोड्न बालेनले कति सक्छन् भविष्य निर्भर गर्छ। जबसम्म अवसर वितरणको विधि पारदर्शी हुँदैन तबसम्म पात्र फेरिए पनि युवाको पलायन रोकिँदैन। यो निजीकरणले राज्यलाई केही थान नेता र तिनका आसेपासेको प्राइभेट लिमिटेड कम्पनीमा परिणत गरिदिएको छ।

यो विडम्बनापूर्ण अवस्थामा बालेन वा कोही एक व्यक्तिमात्र पर्याप्त हुँदैनन्, यसका लागि त 'पब्लिक अडिट' र 'न्यायिक शुद्धीकरण' र्फत राज्यका अवसरलाई पुनःसार्वजनिक बनाउनु अनिवार्य छ। देशको चिन्ता गर्ने अनुभवी मस्तिष्क र पसिना बगाउने युवा पाखुराबीचको यो भयानक खाडल नै वास्तवमा अवसरको निजीकरणको पराकाष्ठा हो। जब एउटा सामान्य परिवारको जेहेन्दार युवाले देख्छ कि सर्वोच्च अदालतको न्यायाधीश हुन वा विश्वविद्यालयको प्राध्यापक हुन सपना प्रधानजस्तै कुनै दलको माननीय वा कार्यकर्ता हुनु अनिवार्य छ तब उसले आफ्नो भविष्य स्वदेशमा देख्दैन। अवसरहरूलाई किन निजीकरण गरिन्छ ? यसको सिधा उत्तर हो सत्ताको आयु लम्ब्याउन र स्रोतमाथि कब्जा जमाउन।

पार्टीकरण किन हुन्छ भने दलका नेताहरूलाई थाहा छ कि यदि स्वतन्त्र र योग्य व्यक्तिहरू पदमा पुगे भने उनीहरूको लुटतन्त्र चल्दैन।

जब न्याय दिने ठाउँमा आफ्ना मान्छे हुन्छन् तब नेताहरू नीतिगत भ्रष्टाचार र अपराधहरूबाट सुरक्षित हुन्छन्। यो सुरक्षा सुनिश्चित गर्नकै लागि अवसरहरू निजी बनाइएका हुन्। अनुभवी मस्तिष्कसँग योजना छ तर कार्यान्वयन गर्ने शक्ति छैन। युवा पाखुरासँग शक्ति छ तर स्वदेशमा योजना र अवसर छैन। राज्यका अवसरहरू जब पार्टीका आसेपासेको निजी सम्पत्ति बन्छन् तब देशको ऊर्जा र अनुभवबीचको कडी टुट्छ। अनुभवीहरू चिन्तामात्र गरेर बस्ने र युवाहरू पसिना अर्केको देशमा बगाउने यो अवस्था नै राष्ट्रका लागि पहिरो हो। रास्वपामा पनि पुराना दलबाट असन्तुष्ट भएकाहरूको भिड हुनुले पात्र फेरिने, प्रवृत्ति नफेरिने रोगको खाडल झन् गहिरो बनाउने हुन् कि भन्ने डर छ।

यदि उनीहरूले पनि 'पब्लिक अडिट' र योग्यता प्रणालीलाई आत्मसात गरेनन् भने उनीहरू त्यही टुकुचाको अर्को लेदो सावित हुनेछन्। जबसम्म न्यायालयमा राजनीतिक कार्यकर्ताहरूको नियुक्ति रोकिँदैन र अवसरको वितरण भान्साबाट होइन योग्यता प्रणालीबाट हुँदैन तबसम्म अनुभवी मस्तिष्कको चिन्ता र युवा पाखुराको पसिना दुवै बालुवामा हालेको पानीजस्तै खेर गइरहनेछन्। अवसरको निजीकरण मेधाको हत्या हो भने न्यायको राजनीतिकरण प्रजातन्त्रको आत्महत्या हो। जबसम्म न्यायाधीशको आसनमा स्वतन्त्र प्राज्ञ होइन दलीय छायाँ बस्छ तबसम्म न्याय केवल शक्तिकेन्द्रको दास रहिरहनेछ। अब पात्र फेर्ने अभ्यास होइन पद्धति सच्याउने शल्यक्रियाको खाँचो छ।

# सरकारको कार्यशैलीमा गम्भीरता आवश्यक

**सरकारले कार्यारम्भ नगर्दै राजीतिक दलका भ्रातृसंघ संगठनहरू खारेज गर्छौं भनेका छन्, कति व्यावहारिक र उचित भन्ने सवाल जटिल छ। सरकारले समयावधि बाँकी रहँदै पदमुक्त गर्दा न्यायका लागि अदालतको ढोका घच्घच्याउन अवश्य जानेछन्। राजनीतक दलहरूका आधार भनेको भ्रातृ संगठन हुने भएकाले यस विषय थप जटिल हुने देखिन्छ।**



सुदर्शन अधिकारी

नयाँ सरकारले विभिन्न कार्य सम्पादन गरी आमनागरिकलाई परिणाम दिने गरी अगाडि बढ्नुपर्ने चुनौती छ। सरकार गठन नहुँदा नै विभिन्न स्थानमा गरिएका राजनीतिक तथा प्रशासनिक नियुक्ति प्राप्त गर्नेहरूलाई धम्कीपूर्ण भाषामा आफैं सो पद छाडेर जानु नत्र भने बर्खास्त गर्छौं भनेका छन्। यो कति जायज र विधिसम्मत हो ख्याल गर्नुपर्छ। वैधानिक रूपले नियुक्त भएकालाई समय नपुग्दै पदबाट हटाउनु न्यायचित होला ? प्रश्न गम्भीर छ तर त्यसमा बहुमतको दम्भसमेत देखिन्छ। विधिसम्मत तरिकाले नियुक्तिलाई पूर्वाग्रही भएर पदमुक्त गर्नुभनेको अराजकता र अपरिपक्व निर्णयका कार्यमा दर्ज हुन्छन्। रिक्त विभिन्न पदमा विधिवत् नियुक्ति गर्नु स्वाभाविक र सामान्य हुन्छ।

नियुक्ति पाउनेहरूका कार्यावधि बाँकी छँदै र प्रक्रियासँगत नियुक्ति भएकालाई बिनाकारण पदमुक्त गर्नु उपयुक्त हुँदैन। पूर्वसरकारले विधिसम्मत पदमा पुगेका आफैंले मनन् गरी कार्य गर्न असहज वातावरण हुन्छ भन्ने राजीनामा दिएमा सहज हुन्छ तर शक्तिको उपयोग गरी प्रत्युत्पादक बन्ने सवालमा ध्यान दिनुपर्छ। सरकारले भावी दिनमा सम्यमित भएर प्रदर्शन गर्नुपर्छ। सरकारले तातै खाऔं जली मरौं भन्ने उक्ति चरितार्थ हुन्छ। सरकारले जनअपेक्षानुसार कार्य सम्पादन गर्दै जानसके स्वतः एक वर्षपछि सयौं पद रिक्त हुँदैजान्छन्। पहिलेका सरकारले पनि विधिवत् रूपमा नियुक्ति पाएकालाई पदमुक्त गर्दा के परिणम आयो ध्यान दिनुपर्छ।

सरकारले कार्यारम्भ नगर्दै राजीतिक दलका भ्रातृसंघ संगठनहरू खारेज गर्छौं भनेका छन्, कति व्यावहारिक र उचित भन्ने सवाल जटिल छ। सरकारले समयावधि बाँकी रहँदै पदमुक्त गर्दा न्यायका लागि अदालतको ढोका घच्घच्याउन अवश्य जानेछन्। राजनीतक दलहरूका आधार भनेको भ्रातृ संगठन हुने भएकाले यस विषय थप जटिल हुने देखिन्छ। रास्वपाले आफ्नो भ्रातृ संगठनको गठन गरिएको छैन भन्दैमा पुराना दलका समर्थकका रूपमा रहेकालाई कुनै कारण देखाएर बर्खास्त गर्न मिल्दैन। यसको व्यवस्था नेपालको संविधानले नै गरेको हुँदा हटाउनु हुँदैन।

सरकार कार्य सम्पादनका क्रममा मात्तिनु भएन र आत्तिनु हुँदैन। अब निकट भविष्यमै प्रधानन्यायाधीशको पदावधि सकिँदैछ। त्यसमा सरकारले कार्य दक्षता भएका सक्षम र मेरिटोक्रेसीका आधारमा छनोट गर्नुपर्छ। यस्ता कार्य गर्दा आमनागरिले विधिसंगत, पारदर्शी रूपले गरेको छ भन्ने तरिकाले हरेक कार्य सम्पादन गर्नेतर्फ विषेश ध्यान दिनुपर्छ। होइन भने पहिलेको सरकारभन्दा यो सरकार कसरी भिन्न र सुशासन कायम गर्न सफल होला। बढ्दो बेरोजगारी कम गर्ने उपायको खोजी गरी रोजगारी सिर्जना गर्ने दिशामा गम्भीर भई लाग्नुपर्छ।

शिक्षा मानव विकासको आधार भएकाले यसको विकासले अन्य सबै क्षेत्रको विकासको मार्ग खोल्ने हुँदा हरेक देशले शिक्षाको विकासमा विशेष जोड दिने गरेको पाइन्छ। हाम्रो शिक्षा नीति २०२८ सालको राष्ट्रिय शिक्षा पद्धति योजनको सेरोफेरोमै घुमिरहेको देखिन्छ। शिक्षालाई समयसापेक्ष बनाउनुपर्नेमा कसैको पसिन बिमती नरहला। राज्यले शिक्षाको विकासमा विशेष कार्यक्रम ल्याई प्रभावकारी रूपमा कार्यान्वयनमा जोड दिनुपर्छ। आज पनि पहुँचवालाले आवश्यकभन्दा ज्यादा शिक्षक दरबन्दी राखेका छन् भने जहाँ शिक्षाको अत्यावश्यक छ त्यहाँ भने विषयगत शिक्षक छैनन्। विगत एक दशकदेखि दरबन्दी मिलान गर्ने भनिए पनि व्यवहारमा उतार्न सकिएको छैन।

अर्को पक्ष पनि जटिल बन्दै गएको छ। त्यो प्राविधिक र व्यावसायिक शिक्षा आजको आवश्यकता हो भन्ने बुझेर प्रभावकारी कदम चाल्नुपर्छ। कतिपय विद्यालयमा शौचालय, पुस्तकालय र पिउने पानीको अभाव छ। त्यसको समाधानका लागि प्रभावकारी रूपले कार्य सम्पादनमा ध्यान दिनुपर्छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा रहेको विभेद वा निजी र सरकारी विद्यालयमा देखिएका ठूलो खाडल छ। राज्यले शिक्षा सर्वसुलभ, सहज र सस्तो बनाउने हो भने विभिन्न क्षेत्रमा सकारात्मक प्रभाव पार्छ। स्वास्थ्य सेवामा शिक्षामा जस्तै समस्या छ। निम्नमध्यम वर्गले उपचार नै गर्न नसक्ने अवस्थाको सिर्जना भएको छ।

> **नेपालको आम्दानीका स्रोत कृषि र पर्यटन प्रमुख रहेकाले यी दुबैको विकासमा जोड दिनुपर्छ। यसका लागि कृषिमा युवा वर्गलाई अकर्षित गर्ने नीतिनिर्माण गर्दै प्रभावकारी रूपमा कार्यान्वयनमा जोड दिएर कार्य गर्न विलम्ब गर्नु हुँदैन। न्यायालयमा भएका ढिलासुस्ती र भ्रष्टाचार हटाउनुपर्नेछ।**

समस्या समाधानका लागि सरकारले सरकारी अस्पतालमा रहेको जनशक्ति थप गर्ने र आमनागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउनेतर्फ ध्यान दिनु आवश्यक छ। थप ध्यान निजी अस्पतालमा रहेको उच्च शुल्क परिमार्जनमा दिनुपर्नेछ। राज्यले सर्वसुलभ शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउने हो भने आमनागरिकका लागि राहत हुनेछ। सर्वसाधारण नागरिका लागि अर्को विषय भनेको बजारमा रहेको उपभोग्य वस्तुमा नियन्त्रणमा विशेष जोड दिनुपर्दछ। सामान्य विषयमा ध्यान दिएर कार्य गर्ने हो भने सबैले समर्थन र विश्वास गर्ने वातावरणको निर्माण हुन्छ। सरकारी कामकाजका लागि हरेक कार्यालयमा लामो लाइनमा बस्नुपर्ने समस्याको समाधान होस्। त्यतिमात्र नभई हरेक काममा ढिलासुस्ती र घुस खान खोज्ने जुन परिपाटी मौलाएर गएको छ। त्यसको जरैबाट निर्मुल गरिनुपर्छ। नागरिहरूले आवश्यक सबै कागजात जुटाएर जाँदा काम नहुने जुन अवस्था छ। यी विविध विषयमा सरकार ज्यादै सम्वेदनशील भएर कार्य सम्पादनको क्षेत्रमा जुट्नु आजको माग सवाल हो।

नेपालको आम्दानीका स्रोत कृषि र पर्यटन प्रमुख रहेकाले यी दुबैको विकासमा जोड दिनुपर्छ। यसका लागि कृषिमा युवा वर्गलाई अकर्षित गर्ने नीतिनिर्माण गर्दै प्रभावकारी रूपमा कार्यान्वयनमा जोड दिएर कार्य गर्न विलम्ब गर्नु हुँदैन। न्यायालयमा भएका ढिलासुस्ती र भ्रष्टाचार हटाउनुपर्नेछ। ढिलो न्याय पाउनुभनेको न्याय नपाउनुसरह हो भनिन्छ। तसर्थ छिटो न्याय सम्पादन गर्न हाम्रा न्यायालयहरू तयार हुन जरुरी रहेको देखिन्छ। विषयको गम्भीरतालाई ध्यानमा राखेर मुद्दाहरूको फैसला गर्न किन र के कारणले रोकिन्छ ?

अर्को प्रमुख समस्याको रूपमा रहेको छ पुराना सवारीसाधनको उचित व्यवस्थापन गर्नु जुन कार्य नयाँ सरकारले गर्ने आमनागरिकको अपेक्षा छ। सरकारी कार्यालयका परिसरमा दर्जनौं नयाँ र राम्रो अवस्थामा रहेका सवारीसाधन सीमित स्वार्थले गर्दा नयाँ खरिद गर्ने जुन परिपाटीको विकास भएको छ। त्यसको पनि समूल अनत्य गरिनुपर्छ। कमिसनको चक्करमा फसेर राज्यलाई ठूलो आर्थिक भार थप्ने कार्य बन्द गर्नु प्रमुख काम हो। देशभरका प्रहरी कार्यालयका परिसरमा कवाडीका रूपमा रहेका बाइकहरू छन्। तिनको पनि एउटा समयसीमा तोक्ने त्यसभित्र कागजातसहित सवारी धनी आएमा दिने नत्र प्रक्रियामा गई लिलाम गर्ने हो भने आम्दानी हुने सवारीसाधनको व्यवस्थापन पनि भएर कार्यालयको सुन्दरतामा कारात्मकता थपिने थियो।

जनमतको कदर गरी आमनागरिक प्रतिउत्तरदायी बनेर हरेक कार्यसम्पादन गर्न कदम चाल्नुपर्छ। ताजा र भारी जनमत प्राप्त गरी सरकार गठन गर्न सफल रास्वपाले बाचापत्रमा भने अनुसारका काममा अवश्य ध्यान दिने अपेक्षा छ। गीत गाउनेको बास सुसेल्दैमा थाहा पाइन्छ भनेजस्तै सरकारका सय दिनपछि नै नागरिकहरूले जान्न र थाहा पाउन सक्छन्। प्रतिपक्षको आवाज सम्बोधन गर्दै सहकार्य गरी नागरिकले धन्यवाद दिने गरी कार्य क्षेत्रमा जुट्नुपर्छ। आगामी दिनहरूमा सबैले वर्तमान सरकार नागरिकको चाहनानुसार अगाडि बढेको छ भन्ने सुन्न पाउने आशाका साथ देश, जनता र लोकतन्त्रको पक्षमा कार्यसम्पादन गरी अगाडि बढ्नका लागि हार्दिक शुभकामना।

## अर्जुनधारा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
कोशी प्रदेश, नेपाल

## बोलपत्र प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना

**सूचना प्रकाशित मिति : २०८२/१२/१७**

प्रस्तुत विषयमा यस कार्यालयद्वारा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरुमध्ये न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भई तपशिल बमोजिमको प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। छनौट प्रस्ताव विरुद्ध सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानि स्वीकृत गरिनेछ।

**तपशिल :**

| S. N. | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1. | AM/NCB/ WORKS/ 11-082/83 | Upgrading of Pranami Mandir-Mata Mandir Blacktop Road, Arjundhara-09 | Bishal-Mahin-KP Pathivara JV, Kankai Jhapa | 1,80,20,582.58 |

## धार्चे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
माछीखोला, गोरखा

## सिलबन्दी दरभाउपत्र (Sealed Quotation) आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति:-२०८२।१२।१७ गते)**

प्रस्तुत विषयमा यस धार्चे गाउँपालिकाको आ.व. २०८२।०८३ मा स्वीकृत वार्षिक कार्यक्रम/योजनाहरुको लागि सार्वजनिक खरिद ऐन २०६३, को दफा ४० र सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ८४ अनुसार इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म इजाजतपत्र नविकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि, कारवाही वा कालोसूचीमा नपरेको स्व:घोषणा र अख्तियारनामा सहित रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना जानकारी गराईन्छ। साथै दरभाउपत्र धार्चे गाउँपालिकाको प्राविधिक शाखाबाट प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

**तपशिल:**

| क्र. सं. | सिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान (रु.) (भ्याट सहित) | धरौटी रकम (रु.) |
|---|---|---|---|---|
| १ | DRM/SQ/WORKS/06/2082/083 | जलदेवी मैदान निर्माण | १५,५१,३२६.३९।- | ३९,००० |
| २ | DRM/SQ/WORKS/07/2082/083 | खानी गाउ यमा गाउँ सडक निर्माण | १९,३९,७००,००।- | ४८,००० |

नोट:- शर्तहरु कार्यालयको वेबसाइटमा हेर्न सकिनेछ र थप जानकारी यस कार्यालयमा सम्पर्क राखि वा फोन नं. ९८६२००२४७४ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## नेपाल सरकार
### गृह मन्त्रालय
### कारागार व्यवस्थापन विभाग
### कारागार कार्यालय, धादिङ
**सूचना प्रकाशित मिति :- २०८२/१२/१७ गते**

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

यस कार्यालयको चालु आ.व.२०८२/०८३ को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका खरिद कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले मु.अ.क. मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त फर्महरुले रितपूर्वकको सिलबन्दी दरभाउपत्र यस कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय, धादिङ मार्फत् खरिद गरी यस कार्यालयमा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | सूचना नं. / ठेक्का नं | कामको विवरण | जम्मा लागत अनुमान रकम (भ्याट सहित) | जमानत रकम | दस्तुर (रु.) | फारम खरिद गर्ने अन्तिम मिति | फारम पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | 01/SQ/ KARAGAR/ WORKS/ 2082-083 | Repair and Maintenance of Prison Office Building, Dhading | 14,60,746.32 | 38,000.00 | 1000.00 | 2083/01/01 during office hours | before 12:00 on 2083/01/02 |

**कारागार प्रशासक**

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/१२/१७ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाईं तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्ने बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, ताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी तपाईंले विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएकोले हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र योग्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगत्तै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक व्यक्तिहरु/बोलपत्रवाला वा निजको अधिकारिक प्रतिनिधि, ऋणी, प्रोप्राइटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारबाही अन्तर्गत ऋणी, प्रोप्राइटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र यसै विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **नाम : रोयल कास्ट फुड रेष्टुरेन्ट**<br>दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, कास्की<br>दर्ता नं. : २०३३३/०७८/०७९, दर्ता मिति : २०७८/०४/३१<br>ठेगाना : पोखरा - २६, कास्की<br>**संचालक तथा शेयरधनी : हिरादेवी सुनार, शाखा कार्यालय : राजाका चौतारा** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : गिरीधारी सुनार**<br>बाबुको नाम : सुर्य मोहन सुनार<br>बाजेको नाम : धौ कृष्ण सुनार<br>ठेगाना : लेखनाथ - ६, कास्की<br>हाल : पोखरा - २३, कास्की<br>ना.प्र.प.नं. : ८१७, जि.प्र.का. कास्की<br>जारी मिति : २०४३/११/११ | **२. नाम : राम बहादुर सुनार**<br>बाबुको नाम : गिरीधारी सुनार<br>बाजेको नाम : सुर्य मोहन सुनार<br>ठेगाना : लेखनाथ - ६, कास्की<br>हाल : पोखरा - २३, कास्की<br>ना.प्र.प.नं. : ४७११७, जि.प्र.का. कास्की<br>जारी मिति : २०५३/०५/०६ |
| **३. नाम : हिरादेवी सुनार**<br>पतिको नाम : रामबहादुर सुनार<br>ससुराको नाम : गिरीधारी सुनार<br>ठेगाना : लेखनाथ - ६, कास्की<br>हाल : पोखरा - २३, कास्की<br>ना.प्र.प.नं. : १७०३०४, जि.प्र.का. कास्की<br>जारी मिति : २०६३/०४/१४ | **४. नाम : आशिष रसाईली**<br>बाबुको नाम : राम बहादुर सुनार<br>बाजेको नाम : गिरीधारी सुनार<br>ठेगाना : पोखरा - २३, कास्की<br>ना.प्र.प.नं. : ४६-०१-७०-०४४४५<br>जि.प्र.का. कास्की<br>जारी मिति : २०७०/०६/१४ |
| **५. नाम : अस्मीत रसाईली**<br>बाबुको नाम : राम बहादुर सुनार<br>बाजेको नाम : गिरीधारी सुनार<br>ठेगाना : लेखनाथ - ६, कास्की<br>हाल : पोखरा - २३, कास्की<br>ना.प्र.प.नं. : ४६-०१-७२-०३२४८<br>जि.प्र.का. कास्की<br>जारी मिति : २०७२/०४/०६ | **६. नाम : अनिष रसाईली**<br>बाबुको नाम : राम बहादुर सुनार<br>बाजेको नाम : गिरीधारी सुनार<br>ठेगाना : पोखरा - २३, कास्की<br>ना.प्र.प.नं. : ४६-०२-७४-००७१०<br>जि.प्र.का. कास्की<br>जारी मिति : २०७४/०१/०३ |

**धितोको विवरण**

गिरीधारी सुनारको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता रहेको आर्मी - ६, कास्की स्थित कित्ता नं. २०८३ र २४९ को क्षेत्रफल क्रमश: १-१४-१-३ र १-१-०-१ रोपनीको जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण निर्वलिगापात समेत।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| २ | **नाम : हेम नेपाली**<br>बाबुको नाम : तिर्थ राज सार्की, बाजेको नाम : झिल्ने सार्की<br>ठेगाना : मोदी -३, देउराली, पर्वत<br>ना.प्र.प.नं. : ५१-०१-७४-०२६६४, जि.प्र.का. पर्वत, जारी मिति : २०७४/०७/१३<br>**शाखा कार्यालय : पतिचौर** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : तिर्थराज सार्की**<br>बाबुको नाम : झिल्ने सार्की<br>बाजेको नाम : साकुने<br>ठेगाना : मोदी -३, देउराली, पर्वत<br>ना.प्र.प.नं. : १४७२७<br>जि.प्र.का. पर्वत<br>जारी मिति : २०४६/०२/०८ | **२. नाम : वुधिसिरी सार्की**<br>पतिको नाम : तिर्थराज सार्की<br>ससुराको नाम : झिल्ने सार्की<br>ठेगाना : देउराली -८, पर्वत<br>हाल : मोदी -३, देउराली, पर्वत<br>ना.प्र.प.नं. : ३११०११/२०९<br>जि.प्र.का. पर्वत<br>जारी मिति : २०६६/०६/१८ |

**धितोको विवरण**

तिर्थराज सार्कीको नाममा मालपोत कार्यालय पर्वतमा दर्ता रहेको देउराली -३ र ८, पर्वत स्थित कित्ता नं. १८३, १६९, १८४, २५३ र २६ को क्षेत्रफल क्रमश: ०-१२-२-१, १-६-०-३, १-४-१-१, १-७-०-२ र ०-९-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण निर्वलिगापात समेत

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ३ | **नाम : प्रकाश खत्री क्षेत्री**<br>बाबुको नाम : नर बहादुर खत्री क्षेत्री, बाजेको नाम : गगनसिं<br>ठेगाना : तिलाहार - ९, पर्वत, हाल : मोदी - ६, तिलाहार, पर्वत<br>ना.प्र.प.नं. : ३८३१२, जि.प्र.का. पर्वत, जारी मिति : २०५९/०५/१०<br>**शाखा कार्यालय : पतिचौर** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सीता कुमारी खत्री क्षेत्री**<br>पतिको नाम : नर बहादुर खत्री क्षेत्री<br>ससुराको नाम : गगनसिं<br>ठेगाना : तिलाहार - ९, पर्वत<br>हाल : मोदी - ६, तिलाहार, पर्वत<br>ना.प्र.प.नं. : ३३२६<br>जि.प्र.का. पर्वत<br>जारी मिति : २०४४/११/१६ | **नाम : आरती तामाङ खत्री क्षेत्री**<br>पतिको नाम : प्रकाश खत्री क्षेत्री<br>ससुराको नाम : नर बहादुर खत्री क्षेत्री<br>ठेगाना : तिलाहार - ९, पर्वत<br>हाल : मोदी - ६, तिलाहार, पर्वत<br>ना.प्र.प.नं. : ५११०७०/२५२<br>जि.प्र.का. पर्वत<br>जारी मिति : २०६५/०३/०८ |

**धितोको विवरण**

सीता कुमारी खत्री क्षेत्रीको नाममा मालपोत कार्यालय पर्वतमा दर्ता रहेको तिलाहार - ९, ६ र ८, पर्वत स्थित कित्ता नं. २४९८, २८५३, ११६२, २४९४, १२४४ र २२३७ को क्षेत्रफल क्रमश: २-८-२-०, ०-१०-१-०, ०-१०-२-३, ०-११-३-१, ०-१०-०-० र ०-१०-२-१ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण निर्वलिगापात समेत।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ४ | **नाम : रामचन्द्र बहादुर भुराई**<br>बाबुको नाम : रत्न बहादुर भुराई, बाजेको नाम : भक्त बहादुर भुराई<br>ठेगाना : पोखरा - १७, कास्की<br>ना.प्र.प.नं. : १२७९८५, जि.प्र.का. कास्की, जारी मिति : २०५८/०९/०४<br>**शाखा कार्यालय : न्यूरोड, पोखरा** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : रामचन्द्र बहादुर भुराई**<br>बाबुको नाम : रत्न बहादुर भुराई,<br>बाजेको नाम : भक्त बहादुर भुराई<br>ठेगाना : पोखरा - १७, कास्की<br>ना.प्र.प.नं. : १२७९८५, जि.प्र.का. कास्की<br>जारी मिति : २०५८/०९/०४ | **२. नाम : बिनिता कार्की (भुराई)**<br>पतिको नाम : रामचन्द्र बहादुर भुराई<br>ससुराको नाम : रत्न बहादुर भुराई<br>ठेगाना : पोखरा - १७, कास्की<br>ना.प्र.प.नं. : १४२०, जि.प्र.का. कास्की<br>जारी मिति : २०४३/०६/२० |
| **३. नाम : वेदान्त जंग भुराई**<br>बाबुको नाम : रामचन्द्र बहादुर भुराई, बाजेको नाम : रत्न बहादुर भुराई<br>ठेगाना : पोखरा - १७, कास्की<br>ना.प्र.प.नं. : ४६-०१-७८-०४०३०, जि.प्र.का. कास्की, जारी मिति : २०७८/०५/१४ | |

**धितोको विवरण**

रामचन्द्र बहादुर भुराईको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको पोखरा - १७, कास्की स्थित कि.नं. ६४ को क्षेत्रफल ८३२.०० व.मी. को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण निर्वलिगापात समेत।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५,००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैले सकार गर्दा स्वभिकमा विकास बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैले सकार गरि लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनु हुने छैन।
- सफलताबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ।
- ऋणीले धितो लिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ। साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३:०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
२०८३ वैशाख ७ गते सोमबार कार्यालय समय सम्म।
**बोलपत्र खोलिने मिति र समय : २०८३ वैशाख ८ गते मंगलबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
विश्वास सहकार्य
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय: सनराईज बिजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

## GORKHA BREWERY

## सार्वजनिक सूचना

मिति २०८२/१२/१७ गतेदेखि नेपाल भरी लागु हुने गरी यस कम्पनीको देहाय बमोजिमको उत्पादनको निम्नानुसार मूल्य निर्धारण गरेको व्यहोरा सबैको जानकारीको लागि सूचित गरिन्छ।

| विवरण | कार्ल्सबर्ग बोटल (१२X६५० मि. लि.) | कार्ल्सबर्ग बोटल (२४X३३० मि. लि.) | टुबोर्ग बोटल (२४X३३० मि. लि.) | टुबोर्ग स्ट्रङ्ग बोटल (२४X३३० मि. लि.) |
|---|---|---|---|---|
| डिलर मूल्य (प्रति कार्टुन) | ५,१४५.४३ | ५,१४५.४३ | ४,५८९.७२ | ३,९११.२४ |
| डिलर कमिसन (प्रति कार्टुन) | १७४.४३ | १७४.४३ | १५५.५९ | १२३.८५ |
| थोक बिक्रेता मूल्य (प्रति कार्टुन) | ५,३१९.८६ | ५,३१९.८६ | ४,७४३.३१ | ४,०४३.०९ |
| थोक बिक्रेता कमिसन (प्रति कार्टुन) | १५९.५९ | १५९.५९ | १४२.३६ | १२१.२९ |
| खुद्रा बिक्रेता मूल्य (प्रति कार्टुन) | ५,४७९.४५ | ५,४७९.४५ | ४,८८७.६७ | ४,१६४.३८ |
| खुद्रा बिक्रेता कमिसन (प्रति कार्टुन) | ५२०.५५ | ५२०.५५ | ४६४.३३ | ३९५.६२ |
| अधिकतम उपभोक्ता मूल्य (प्रति कार्टुन) | ६,०००.०० | ६,०००.०० | ५,३५२.०० | ४,५६०.०० |
| अधिकतम उपभोक्ता मूल्य (प्रति बोटल) | ५००.०० | २५०.०० | २२३.०० | १९०.०० |

नोट: उपरोक्त निर्धारित बिक्री मूल्यहरुमा डिलर मूल्यदेखि खुद्रा बिक्रेता मूल्यसम्म मूल्य अभिवृद्धि करको दायित्व समेत समावेश गरिएको छ।

**गोर्खा ब्रुअरी प्रा. लि.**
पो.ब.नं.: ४१५०, हात्तिसार, काठमाडौं।

## Babai Rural Municipality
### Office of Rural Municipal Executive
Hapure, Dang
Lumbini Province, Nepal

## Invitation for Online Bids .

**First Date of Publication : 2082/11/26**
**Second Date of Publication :2082/12/17**

1. Babai Rural Municipality Office of Rural Municipality, Hapure Dang invites electronic bids for the following activity under **Sealed Quatation (SQ).**

| S. N. | Contract ID: | Project Name: | Estimated amount without VAT | Bid Security Amount NRs. |
|---|---|---|---|---|
| 1 | BRM/SQ/GOODS/23 /2082-083 (*Re-bid) | Procurement of Veterinary Medicines at Babai Rural Municipality Dang | 945990.00 | 24000.00 |
| **Bid Deadline:** Submission 2083/01/02 B.S , 12:00 and **Opening :** 2083/01/02 B.S ,14:00 | | | **Bid Fee :** NRs. 1000 (Non-Refundable ) | |

2. Validity of Bids: 45 days from bid opening date and accompanied by a bid security valid for 30 days beyond the bid validity period .
3. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Babai Rural Municipality Dang, Lumbini Province Nepal or visit PPMO website **www.bolpatra.gov.np/egp** .

**Chief Administrative Officer**

*"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"*

**हल्दीबारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जलथल, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति :- २०८२।१२।१७**

यस गाउँपालिका अन्तरगत तपसिल निर्माण कार्यका लागि मिति २०८२/११/२६ मा प्रकाशित बोलपत्र/ ठेक्का आव्हानको सूचना अनुसार तपसिल बमोजिमको शिलबन्दी बोलपत्र न्यनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबै सरोकारवालाहरुको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र स | ठेक्का नं | योजनाको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण | घटी कबोल गरेको रकम रु ( मु अ कर समेत) |
|---|---|---|---|---|
| 1 | HRM/WORKS/BUILDING/ NCB/09-082/083 | Construction of Different Social Development Structure at Different Location of Haldibari Rural Municipality | G.N.S CONSTRUCTION, Haldibari-05, Jhapa | 41,19,608.1 |

**PARIBARTAN RURAL MUNICIPALITY**
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**
**Rolpa**

**Invitation for Bids**

**Date of publication: March 31, 2026 (2082/12/17)**

1. Paribartan Rural Municipality, Rolpa invites the bids only from Nepaleses elegible bidders for the construction of **Projects as mentioned below** under National Competitive Electronic Bidding procedures. Further information Email:- paribartanrmun@gmail.com, Phone no.:- 9857849002, 9857838510.

**Details of the Contract**

| S. N. | Contract ID No. | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security (NRs.) | Bid Document Price | Address |
|---|---|---|---|---|---|---|
| 1 | PRM/W/NCB/ 19/2082-083 | Gramjhim Galsuka Sarabang Road Construction & Upgrading-Part 2 | 3264282.68 | 82,000.00 | 3,000.00 | Ward no. 5 & 1 |
| 2 | PRM/W/NCB/ 20/2082-083 | Dandagaun Malemare Putalachaur Maulabot Juma Rangsi East Rukum Road-Part 2 | 6336164.84 | 1,59,000.00 | 3,000.00 | Ward no. 2 & 5 |
| 3 | PRM/W/NCB/ 21/2082-083 | Bagmara Aagra Muthabang Kalapokhara Ratabhir Sallabot Road Construction & Upgrading-Part 2 | 2032453.82 | 51,000.00 | 3,000.00 | Ward no. 4 |

**(Chief Administrative Officer)**

**Invitation For Quotations**

**Putha Uttarganga Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Takasera, Rukum (East)**
**Lumbini Province, Nepal**

**Re-invitation For Sealed Quotation for the procurement of following mentioned Works.**

(First Date Of Publication: 2082/11/28 B.S) ( 2026/03/12. A.D)
(Second Date Of Publication: 2082/12/17 B.S) ( 2026/04/15. A.D)

1. **PURMO** invites electronic bids from eligible Nepalese bidders for the following contracts under (Sealed quotation) procedures.
2. Bidding documents can be downloaded from the **PPMO e-GP system at www.bolpatra.gov.np/egp**.
3. Bids must be submitted electronically to **PURMO, Takasera, Rukum (East)** on or before **12:00 Noon, 2082/12/17 B.S. (2026/04/15 A.D.)**. Late bids will be rejected.
4. Bids will be opened in the presence of bidders' representatives at **13:00** on **2082/12/17 B.S. (2026/04/15 A.D.)** at **PURMO Office**. Bid security must remain valid for **45 days** after opening and be accompanied by a bid security valid for **30 days** beyond the bid validity period.
5. All terms and conditions shall be as per the Government of Nepal's Public Procurement Act 2063 and Regulation 2064 (with amendments).
6. **PURMO** reserves the right to accept or reject any or all bids, wholly or partly, without assigning any reason.
7. Information to deposit the cost of Bidding Doccument and Bid-Bond in the Bank:





| Office Name | Putha Uttarganga Rural Municipality, Rukum (East) | | |
|---|---|---|---|
| For Bid Document | Putha Uttarganga (GA 1.1) Aantarik Rajaswa Khata | 01415359946 | Siddartha Bank Ltd., Putha Uttarganga Branch |
| For Bid Security | Putha Uttarganga (GA 03) Dharauti Khata | 01415220470 | |

8. The Name and identification no of the contracts are as follows.

| Contract No. | Description of works | Required Nos. | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|---|
| EGP/PURMO/SQ/ G-AML/2082/83-02 | The Procurement of Hard Top Jeep 4WD (Ambulance) | 1 | Nrs. 45000 | Nrs. 1000 |

**Chief Administrative Officer**

# प्रकृति र फेशनको संगम

**हिमालय टाइम्स**
ललितपुर, १६ चैत

ललितपुर, झम्सिखेलस्थित द प्लाजा नेपालमा नमुना कलेज अफ फेशन टेक्नोलोजी (एनसीएफटी)को २०औं ग्राजुएशन फेशन शो 'विविधायन सौन्दर्यम' सम्पन्न भएको छ।

कार्यक्रमले प्रकृति र फेशनबीचको सम्बन्धलाई कथात्मक रूपमा प्रस्तुत गर्दै सिर्जना, कल्पना र कलात्मक अभिव्यक्तिको उत्सवका रूपमा रनवेलाई जीवन्त बनाएको थियो।

फेशन डिजाइनिङमा स्नातक हुँदै गरेका ६२ विद्यार्थी डिजाइनरहरूको सहभागितामा छवटा अवधारणामा आधारित संग्रहहरू प्रस्तुत गरिएका थिए। नेपालका वन, सिमसार, हिमाली भू-भाग, वन्यजन्तु र पुष्पीय विविधताबाट प्रेरित डिजाइनहरूले प्रकृतिका विभिन्न पक्षलाई फेशनमार्फत अभिव्यक्त गरेका थिए। साथै, ६२ डिजाइनर पोशाकसँगै ६ 'क्रिएटिभ मास्टरपिस' पनि प्रदर्शन गरिएका थिए।

कार्यक्रमको सुरुवात कलेजकी संस्थापक प्रिन्सिपल ज्ञानी शोभा तुलाधरको रनवे उपस्थितिबाट भएको थियो भने कोरियोग्राफी रोजिन शाक्यले गर्नुभएको थियो। 'नेपालियम', 'इरिडेसन्ट शेल्स', 'आवरण मृत्तिका', 'एभियोरा', 'रेड लिस्ट रिभेरी' र 'वनस्पति कुसुम' शीर्षकका संग्रहहरूले हिमनदी, किट संरचना, माटो, हिमाली उडान, संकटग्रस्त वन्यजन्तु र फूलहरूलाई आ-आफ्नै शैलीमा प्रस्तुत गरेका थिए। कार्यक्रममा एनसिएफटी फेशन क्याटलगको चौथो संस्करण पनि सार्वजनिक गरिएको थियो।

**फेशन डिजाइनिङमा स्नातक हुँदै गरेका ६२ विद्यार्थी डिजाइनरहरूको सहभागितामा छवटा अवधारणामा आधारित संग्रहहरू प्रस्तुत गरिएका थिए। नेपालका वन, सिमसार, हिमाली भू-भाग, वन्यजन्तु र पुष्पीय विविधताबाट प्रेरित डिजाइनहरूले प्रकृतिका विभिन्न पक्षलाई फेशनमार्फत अभिव्यक्त गरेका थिए।**

निर्णायक मण्डलमा शिक्षा, फेशन र व्यवस्थापन क्षेत्रका विभिन्न विज्ञको सहभागिता थियो।

निर्णायक मण्डलमा सीटीईभीटीका पूर्वउपाध्यक्ष डा.कुलबहादुर बस्नेत, पद्मकन्या बहुमुखी क्याम्पसकी क्याम्पस प्रमुख प्राडा.जयलक्ष्मी प्रधान, साखः ग्रुपका अध्यक्ष किरण प्रकाश साखः, फेशन शिक्षाविद् राजेन्द्र सिंह, फेयर-ट्रेड ग्रुप नेपालका डा.सुनिल चित्रकार, फेशन डिजाइनर मुक्ता श्रेष्ठ र मनिश राई, तथा मिस सुप्रानेसनलका नेशनल डाइरेक्टर एवं मिस्टर नेपाल २०१९ डा. सन्तोष उपाध्यायलगायतका हुनुहुन्थ्यो।

# 'बेहुली' बनाउँदै संगीतकार पोखरेल



**हिमालय टाइम्स**
काठमाडौं, १६ चैत

संगीतकार अर्जुन पोखरेल चलचित्र निर्माताका रूपमा आउन लाग्नुभएको छ। बिहीबार ललितपुरस्थित कार्यविनायक मन्दिरमा पूजा गर्दै उहाँको डेब्यु लगानी रहेको चलचित्र 'बेहुली' शुभमुहूर्त गरिएको हो। यस चलचित्रको मुहूर्तसँगै छायांकन र प्रदर्शन मिति घोषणा गरिएको छ। निर्माता पोखरेलका अनुसार यसै साताबाट छायांकन हुनेछ। यो चलचित्र आगामी वर्षको हरितालिका तीजको अवसर पार्दै भदौ १२ गतेबाट रिलिज हुनेछ।

लामो समयदेखि नेपाली सुगम संगीत तथा चलचित्रका दर्जनौं हिट गीत दिएर दर्शक तथा श्रोताको मन जित्दै आउनुभएका संगीतकार अर्जुन पोखरेल 'बेहुली'मार्फत् निर्माणमा होमिनुभएको हो। चलचित्रमा संगीत निर्देशन उहाँकै रहनेछ।

प्रताप राणाको निर्माण रहेको यस चलचित्रको निर्देशन सुशान कँडेलले गर्दै हुनुहुन्छ भने कथा माधव शर्माले लेख्नुभएको हो। निर्देशक कँडेल र लेखक शर्मा दुवै चलचित्र 'होस्टेल ३'का निर्देशक तथा लेखक हुनुहुन्छ।

यस चलचित्रमा 'होस्टेल ३'बाट डेब्यु गर्नुभएका पारस बम ठकुरी (कुलब्वाय)मुख्य भूमिकामा देखिनुहुनेछ। उहाँको जोडीका रूपमा अभिनेत्री दिव्या रायमाझी देखिनुहुनेछ। चलचित्रमा सुशान्त कार्की, पदम तामाङ, सन्तोष बानियाँ, सरिता गिरी, लोकेन्द्र लेखक, सविन कट्टेल, समायरा थापा मगरलगायत कलाकारको अभिनय रहनेछ।

कार्यकारी निर्माता सुमन थिङ तामाङ र सहनिर्माताहरू दुर्गा खरेल र रमेश सिलवाल रहेको 'बेहुली'मा शंकर कोइराला क्रिएटिभ प्रोड्युसरका रूपमा हुनुहुन्छ। नरेन्द्र मैनालीको छायांकन रहने चलचित्रलाई विकास दाहालले सम्पादन गर्नुहुनेछ।

# चिकित्सक दम्पतीले ल्याए 'सधैं साथमा तिम्रो'

**हिमालय टाइम्स**
काठमाडौं, १६ चैत

अमेरिकामा चिकित्सक पेशामा रहनुभएका दम्पती सुरेश बस्नेत र रेहा पोखरेलले 'सधैं साथमा तिम्रो' शीर्षकको रोमान्टिक गीत सार्वजनिक गर्नुभएको छ। गीतमा सुरेशको एकल स्वर रहेको छ भने शब्द र संगीत गोविन पुनको छ। म्युजिक एरेन्जर दिनेश श्रेष्ठले गर्नुभएको हो।

'दुई मुटु, एक यात्रा' थिममा तयार गरिएको भिडिओ अमेरिका, अष्ट्रेलिया र न्यूजिल्याण्डका रमणीय स्थानमा छायांकन गरिएको छ। सुरेश र रेहाले भिडियोमा श्रीमान्-श्रीमतीको भूमिकामा अभिनय गर्नुभएको छ। भिडियो उहाँहरूको वास्तविक प्रेम कथामा आधारित रहेको बताइएको छ।

गीतको भिडियोको निर्देशन विक्रान्तमान श्रेष्ठ र क्रिस्टिना बसिस्टले गर्नुभएको हो। भिडियो सम्पादन साहिल खानले गर्नुभएको छ भने पटकथा प्रवीण श्रेष्ठको छ। छायांकन अष्ट्रेलियामा सौरभ मानन्धर, न्यूजिल्याण्डमा यूरिका फिल्म्स प्रा.लि र अमेरिकामा पशुपति बस्यालले गर्नुभएको हो। व्यस्त चिकित्सक दम्पतीले संगीतलाई निरन्तरता दिने योजना बनाउनुभएको छ।



■ प्रधानमन्त्री कप क्रिकेट

# मधेस शीर्षस्थानमा



**हिमालय टाइम्स**
जनकपुरधाम, १६ चैत

कर्णाली प्रदेशलाई पराजित गर्दै मधेस प्रदेशले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा अपराजित यात्रालाई कायम राखेको छ। सोमबार भएको खेलमा कर्णालीलाई पाँच विकेटले हराउँदै मधेस प्रदेश अंक तालिकाको शीर्षस्थानमा उक्लेको हो। चार खेलबाट समान सात अंक जोडेका मधेस शीर्ष र त्रिभुवन आर्मी दोस्रो स्थानमा छन्। समान अंक भए पनि मधेस नेट रनरेटमा अघि रहँदै शीर्षस्थानमा उक्लेको हो। पिएम कपमा मधेस र आर्मीमात्र अपराजित टोली हुन्। समान चार खेलबाट तीन अंक जोडेको कर्णाली छैटौं स्थानमा छ। कर्णालीले एक खेलमा जित र दुई खेलमा हार भोग्दा एक खेलमा भने अंक बाँडेको छ।

सोमबार कर्णालीले दिएको १३० रनको लक्ष्य मधेसले २४.५ ओभरमा पाँच विकेटको क्षतिमा भेट्टायो। मधेसका ओपनर मयन यादवले २४ र निरज यादवले ३८ रन बनाउनुभयो भने अरनिको यादव ३२ र रूपेश सिंह चार रनमा नटआउट रहनुभयो। पवन सर्राफले १७ रन बनाउँदा क्याच आउट हुन पुग्नुभएको थियो। कर्णालीका लागि दीपेन्द्र रावतले आठ ओभरमा एक मेडन राख्दै ४० रन दिएर तीन विकेट लिनुभएको थियो। दिवान पुन र प्रकाश जैसीले समान एक-एक विकेट लिनुभयो।

त्यसअघि जनकपुरस्थित रामजानकी बहुउद्देश्यीय रंगबशालामा टस जितेर ब्याटिङ गरेको कर्णाली ३१.२ ओभरमा १२९ रन बनाउँदा अलआउट भएको थियो। कर्णालीका ओपनर रविन्द्र शाहीले सर्वाधिक ४० रन बनाउनुभयो भने अर्जुन घर्तीले २४, विपिन रावल, दिनेश अधिकारीले समान १८ रन र कप्तान दिवान पुनले १२ रन बनाउनुभयो।

कर्णालीलाई कम स्कोरमा रोक्न मधेसका आशिक बैठाले सर्वाधिक चार विकेट लिनुभयो भने विशाल पटेल तथा अरनिको यादवले समान दुई विकेट र प्रदिप पासवानले एक विकेट लिनुभएको थियो।

### लुम्बिनीविरुद्ध सुदूरपश्चिम विजयी

सुदूरपश्चिम प्रदेशले प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा लुम्बिनी प्रदेशलाई १२ रनले पराजित गरेको छ। योसँगै सुदूरपश्चिमले प्रतियोगितामा ६ अंक जोडेको छ। चार खेल खेलेको सुदूरपश्चिमले तीन जित र एक हारसहित उक्त अंक जोडेको हो। सोमबार वीरगञ्जको नारायणी क्रिकेट मैदानमा सुदूरपश्चिमले प्रस्तुत गरेको १६९ रनको लक्ष्य पछ्याएको लुम्बिनी ४०.२ ओभरमा सबै विकेट गुमाएर १५६ रनमा समेटियो।

लुम्बिनीलाई सस्तैमा रोक्न खडक बोहरा र शेर मल्लले समान तीन विकेट लिनुभयो। १० ओभर बलिङ गर्दा एक मेडन ओभर फ्याँकेका हेमन्त धामीले दुई विकेट लिँदा नारायण जोशी र लोकेन्द्र चन्दले समान एक विकेट लिनुभयो।

लुम्बिनीका सन्तोष यादवले ६७ रनको अर्धशतकीय इनिङ खेल्नुभयो। उहाँले ८४ बलमा सात चौका र एक छक्का प्रहार गर्नुभएको थियो। ध्रुव सुनारले ३६ रन बनाउँदा रञ्जित खड्काले ११ रन जोड्नुभयो।

त्यसअघि पहिलो ओभरमा टस हारेर ब्याटिङमा आएको सुदूरपश्चिमले ४५.४ ओभरमा सबै विकेट गुमाएर १६८ रनको योगफल खडा गरेको थियो। सुदूरपश्चिमका दीपक बोहराले ३० रन बनाउनुभयो। ५५ बल खेल्नुभएका उहाँले पाँच चौका प्रहार गर्नुभएको थियो। हेमन्त धामीले २९ रन बनाउनुभयो भने किरण ठगुन्नाले २०, ओपनर अभिषेक पालले १७, प्रकाश पाण्डेले १४ र नारायण जोशीले ११ रन जोड्नुभएको थियो। खडक बोहरा र सूर्य श्रेष्ठले समान १० रन बनाउनुभयो। लुम्बिनी प्रदेशका सन्तोष यादव र अजय चौहानले समान चार विकेट लिनुभयो भने सन्देश थापाले एक विकेट लिनुभयो। लुम्बिनी हारसँगै तीन अंकमा सीमित छ।

### कप्तान देव एक खेलका लागि निलम्बनमा

लुम्बिनी प्रदेशका कप्तान देव खनाल एक खेलका लागि निलम्बनमा पर्नुभएको छ। प्रधानमन्त्री कपअन्तर्गत देवले सोमबार भइरहेको सुदूरपश्चिमविरूद्धको खेल गुमाउनुभएको हो। उहाँको अनुपस्थितिमा लुम्बिनीको कप्तानी आकाश त्रिपाठीले गर्नुभएको थियो। नेपाल क्रिकेट संघ (क्यान) का क्रिकेट म्यानेजर विनोद दासका अनुसार देवको २४ महिनाभित्रमा पाँच डिमेरिट अंक भएपछि उहाँ एक खेलका लागि निलम्बनमा पर्नुभएको हो। क्रिकेट खेलमा अनुशासन तोडेपछि डिमेरिट अंक दिने गरिन्छ। डिमेरिट अंक चार वा सोभन्दा बढी भएमा खेलको प्रतिबन्ध लाग्ने नियम छ। यही नियमअनुसार देवले सोमबारको खेल गुमाउनुभएको हो। देवले गत शुक्रबार मधेसविरूद्धको खेलमा अम्पायरको निर्णयमा असन्तुष्टि जनाउँदै विवाद तथा असन्तुष्टि जनाउनुभएको थियो। सो खेलका लागि उहाँले दुई डिमेरिट अंक पाएको क्रिकेट म्यानेजर दासले बताउनुभयो। मधेसविरूद्धको खेलमा देवले आफूलाई गलत तरिकाले आउट दिएको भन्दै अम्पायरसँग असन्तुष्टि जनाएर विवाद गर्नुभएको थियो। खेलमा रूपेश सिंहको बलमा देवले प्रहार गर्न खोज्दा विकेटकिपरले समात्नुभएको थियो। जसमा अम्पायरले उहाँलाई आउट दिएका थिए। तर, उहाँले बलमा आफ्नो ब्याटले नछोएको संकेत गर्दै आउट दिएको भन्दै विवाद गर्नुभएको थियो भने केही बेर मैदानमै बस्नुभएको थियो।

# एसिया कप छनोट : आज लाओससँग खेल्दै नेपाल

**काठमाडौं/हिटा।** नेपाल आज (मंगलबार) एएफसी एसिया कप छनोटअन्तर्गत लाओसविरुद्ध खेल्दैछ। नेपाल र लाओसको खेल स्थानीय समयअनुसार साँझ ७ बजे सुरु हुनेछ। प्रतियोगिताको समूह 'एफ' मा रहेका दुवै टोली एएफसी एसिया कपको दौडबाट बाहिरिइसकेका छन्। दुवै टोलीले समान पाँच खेल खेल्दा तीन अंक जोडेका छन्।

हालसम्म नेपाल र लाओसबीच ६ खेल भएका छन्। जसमा नेपालले चार र लाओसले एक खेल आफ्नो पक्षमा पार्दा एक खेल बराबरीमा सकिएको छ। एएफसी कप छनोटअन्तर्गत गत वर्ष भएको पछिल्लो भेटमा नेपाल दुई-एकले पराजित भएको थियो।

नेपाली राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक गुग्लिमो ऐरेनाले लाओसविरुद्ध जित्नकै लागि मैदान उत्रिने बताउनुभएको छ। 'युवा र अनुभवी खेलाडीको सन्तुलनका साथ लाओस आएका छौं। मेरो लक्ष्य भनेको युवा खेलाडीलाई निर्खानु हो। त्यसैले पाँच खेलाडीलाई पहिलोपटक राष्ट्रिय टोलीमा मौका दिएको छु। लाओस राम्रो टोली हो। तर, हामी खेलका लागि तयार छौं। जित्ने लक्ष्यका साथ मैदान उत्रिनेछौं', उहाँले भन्नुभएको छ। ऐरेनाले युवराज खड्का, पेम्बा दोर्जे लामा, रोमन भुजेल, मिलन राई र योगेश धिमाललाई पहिलोपटक टोलीमा स्थान दिनुभएको छ।

# जुम्ला-रारा अल्ट्रा म्याराथन वैशाखको अन्तिम साता हुने

**विजय रावत/हिटा**
जुम्ला, १६ चैत

जुम्ला सदरमुकाम खलंगा बजारबाट सुरु हुने जुम्ला-रारा अल्ट्रा म्याराथनको सातौँ संस्करण आगामी वैशाख २६ गतेबाट सुरु हुने भएको छ। कर्णाली खेलकुद क्लब जुम्लाको आयोजनामा जुम्ला-रारा अल्ट्रा म्याराथन प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी सहभागी हुने क्लबका अध्यक्ष सरोज शाहीले जानकारी दिनुभयो।

म्याराथन दौड प्रतियोगितामा सहभागिताका लागि सार्वजनिक सूचना जारी गरिएको छ। कर्णाली क्षेत्रको प्राकृतिक सौन्दर्य र साहसिक खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सातौँ संस्करण गर्न आयोजक लागिपरेको क्लबका अध्यक्ष शाहीको भनाइ छ। विभिन्न देशका धावकहरू सहभागी हुने भएका छन्। प्रतियोगिताअन्तर्गत विभिन्न विधामध्ये पाँच किलोमिटर दौडका लागि कर्मचारी, उद्योगी-व्यापारी तथा इच्छुक व्यक्तिहरू सहभागी हुन सक्नेछन्। जसका लागि दर्ता शुल्क पाँच सय रुपैयाँ तोकिएको छ।

यसैगरी १० किलोमिटर दौडमा १८ वर्षमुनिका बालबालिकाहरूलाई दर्ता शुल्क निःशुल्क गरिएको छ। जुम्ला-रारा अल्ट्रा म्याराथन प्रतियोगिताको ५१ किलोमिटर दौडअन्तर्गत स्थानीय धावकहरूका लागि तीन हजार रुपैयाँ र अन्य धावकहरूका लागि पाँच हजार रुपैयाँ दर्ता शुल्क क्लबले निर्धारण गरेको छ। पाँच किलोमिटरतर्फ प्रथम हुनेलाई पाँच हजार, दोस्रोलाई तीन हजार र तेस्रो हुनेलाई दुई हजार पुरस्कार तोकिएको क्लबका अध्यक्ष शाहीले जानकारी दिनुभयो।

१० किलोमिटरतर्फ प्रथम हुनेलाई १० हजार, दोस्रोलाई सात हजार र तेस्रोलाई पाँच हजार रुपैयाँ पुरस्कार निर्धारण गरिएको छ। यस्तै, ५१ किलोमिटरतर्फ प्रथम हुनेलाई एक लाख, दोस्रोलाई ७५ हजार, तेस्रो हुनेलाई ५० हजार, चौथो र पाचौँलाई समान २०-२० हजार पुरस्कारको व्यवस्थापन गरिएको क्लबका अध्यक्ष शाहीको भनाइ छ।

प्रतियोगितामा सहभागी हुनका लागि आगामी वैशाख २० गतेसम्म आफ्नो नाम दर्ता गर्न सक्ने कर्णाली खेलकुद क्लब जुम्लाले जनाएको छ।

## नाम परिवर्तन गरिएको सूचना

कम्पनी रजिस्ट्रार कार्यालयको मिति २०८२/१२/१५ गतेको निर्णयानुसार यस कम्पनीको साविकको नाम लक्ष्मी इलेक्ट्रोनिक्स प्रा. लि. बाट परिवर्तन गरी हुण्डाई नेपाल वेष्टर्न प्रा. लि. कायम गरिएको सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

लक्ष्मी इलेक्ट्रोनिक्स प्रा. लि.
काठमाण्डौ महानगरपालिका वडा नं. १, काठमाण्डौ

## हकदावीको सूचना

मधेश प्रदेश, धनुषा जिल्ला लक्ष्मीनियाँ गाउँपालिका वडा नं ४ स्थायी ठेगाना बस्ने जीया यादवको नाती, नारायण यादवको छोरा, असर्फि यादवको मिति २०८२/११/१४ गतेका दिनमा मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. १७६०५२५००१००४७ मा भएको सम्पूर्ण रकम असर्फि यादव को हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको कान्छी छोरी अगम कुमारी देवीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप उपर निवेदक अगम कुमारी देवी बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदक अगम कुमारी देवीको दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, लक्ष्मीनियाँ, धनुषा
फोन नं: ९८५४०२०१०१

## हकदावीको सूचना

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१६ मा बस्ने श्री प्रताप सिंह लामाको नाति, श्री नर बहादुर लामाको छोरा श्रीमान उर्गेन बहादुर लामाको मिति २०८२/०८/१८ गतेका दिन मृत्यु भएकोले निजको त्यस बैंकमा रहेको बचत खाता नं. ००१०५१४०२५३१६१ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती सबिना तमाङ लामाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जान व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं
फोन नं: ५३४२५३०, ४३२८२२९

## Dakneshwori Municipality
## Office of the Municipal Executive
Pato, Saptari
Madhesh Province, Nepal

### Invitation for Bids

**First Date of publication: 2082-12-17**

Dakneshwori Municipality invites electronic bid from Nepalese eligible bidders for the Adhuro wada karyalaya bhawan nirman karya under National Competitive Bidding procedures.

1. Eligible Bidders May obtain Further information from PPMO website may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
2. The Name and Identification of the Contract are as follows:

| Description of Work | Estimate Amount without VAT | Bid Security Amt (Nrs.) | Bid Fee (NRS) | Remarks |
|---|---|---|---|---|
| DKMUN/NCB/W/-02-2082-2083<br>Adhuro wada karyalaya bhawan nirman karya | 24,02,038.74 | 80,000.00 | 3,000.00 | |

*Chief Administrative Officer*

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत

## नाग्मा गमगढी नाक्चालाग्ना सडक योजना
गमगढी, मुगु

### ठेक्का किन नतोड्ने सम्बन्धी ७ दिने सूचना

(प्रकाशित मिति : २०८२/१२/१७)

यस योजना अन्तर्गत तपसिलमा उल्लेखित निर्माण व्यवसायीहरुले उल्लेखित निर्माण कार्य सम्पन्न गर्नका लागि यस कार्यालयबाट पटक-पटक मौखिक तथा लिखित पत्राचार गराउँदा समेत खरिद सम्झौताको Scope बमोजिमको कार्य नगरेकोले Contract Agreement को GCC अन्तर्गतको Termination of Contract, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ को उपनियम (२) को खण्ड (घ) आकर्षित हुने देखिएकोले ठेक्का सम्झौताका शर्त बमोजिम ठेक्का सम्झौता अन्त्य किन नगर्ने? ठेक्का सम्झौता अन्त्य गर्न नपर्ने मनासिव कारण भएमा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र बिश्वसनीय कार्यतालिका र जवाफदेहीपुर्ण स्पष्टीकरण सहित निर्माण व्यवसायी स्वयं यस योजनामा उपस्थित भई स्पष्टीकरण पेश नगरेमा वा प्राप्त स्पष्टीकरण चित्त बुझ्दो नभएको खण्डमा यस सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका शर्त तथा प्रचलित ऐन नियम बमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालो सूचीमा राख्ने तथा नियमानुसार कार्य सम्पादन जमानत, अग्रिम भुक्तानी जमानत तथा धरौटी बापतको रकम जफत गर्नुका साथै बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकी सरह मानी असुल उपर गर्ने तर्फ कानुनी कारवाही अगाडी बढाइने जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सिं.नं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| 1 | 01-074/075 | Roadway Excavation and Structural works along Gamgadhi-Nakchelagna Road in Mugu District | M/S Rara Suryadaya Nirman Sewa Mugu |
| 2 | GNRP/33701169/078/79-02 | Roadway Improvement work (Drain and Subbase Work) along Gamgadhi-Nakchalanga Road Mugu Ch. 0+000 to 3+000 | M/S Mahesh Engineering & Builders Nawalparasi |
| 3 | GNRP/33701169/078/79-03 | Roadway Improvement work (Gabion Work) along Gamgadhi-Nakchalanga Road Mugu Ch. 3+000 to 8+001 | M/S Mahesh Construction Mugu |

**योजना प्रमुख**

## Shankharapur Municipality
### Office of the Municipal Executive
Sankhu, Kathmandu

### Invitation for Bids (E-bid only)

**First Date of Publication: 2082/12/17**

1. Shankharapur Municipality Office invites electronic bid from Eligible bidders for the procurement following work under National Competitive Bidding (NCB) and SQ procedures.

| S. N. | Contract Number | Description of Work | Estimate amount excluding vat and ps | Bid Document Price (fee) (NRs.) | Bid Security amount (NRs.) | Remark |
|---|---|---|---|---|---|---|
| 1 | SMO/82-83/105 | Kerabari Kundeswar Sadak | 16,53,087.88 /- | 1000 | 50,000/- | SQ |
| 2 | SMO/82-83/106 | Shankharapur ward 1 vitra kaa bibidh khanepani (khanaltole, nepaltole, anya) | 12,61,528.18 /- | 3000 | 40,000/- | NCB |
| 3 | SMO/82-83/88 rebid | Chapabot chortein nirman | 12,33,957.18/- | 3000 | 40,000/- | NCB |

2. Only electronic bid is permitted and purchased through **www.bolpatra.gov.np** by eligible bidders. Pre bid is held at office dated 2083/01/06 at 13:00. Bidders should submit their bid electronically through e- procurement section of PPMO on or before 12:00 hour of baishak 17, 2083 and bid shall be opened on same date at 13:00. For rebids last date of submission is on or before 12:00 hour of Baishak 02, 2083 and bid shall be opened on same date at 13:00 Late bids will be rejected.

| Bank Name | Revenue Account | Office code | Dharauti Account | Bid validity period |
|---|---|---|---|---|
| Global IME Bank Ltd. | 32604010000008 | 801033511<br>**Revenue code** 14219 | 32604010000004 | For NCB, Bid validity period 90 days after opening and bid security valid period 120 days after opening. |

3. No excuse is given to bidder who fails to complete the work in given time line without suitable reason. The Bidder is advised to visit and examine the Site of Works and its surroundings (and obtain for itself, on its own risk and responsibility,)for all information like availability of material of specification, transporting distance, working easiness in site, future escalation in cost that may be necessary for preparing the bid , quoting the bid rate and entering into a Contract for construction of the Works.
4. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Noncompliance with this instruction shall result in disqualification.

# अब निजी क्षेत्रले घुस खुवाउनुपर्दैन : अर्थमन्त्री

हिमालय टाइम्स
काठमाडौं, १६ चैत

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अब निजी क्षेत्रले घुस खुवाउन, कामकाजमा लाइन लाग्न र थुनिनुनपर्ने बताउनुभएको छ। सोमबार नेपाल उद्योग वाणिज्य महासंघ प्रतिनिधिमण्डलसँगको भेटघाटमा उहाँले यस्तो बताउनुभएको हो। उहाँले निजी क्षेत्रले अब दुःख नपाउने दाबी गर्दै अहिलेको सरकार निजी क्षेत्रको सहयात्री भएको बताउनुभयो। अर्थमन्त्री वाग्लेले भन्नुभयो, 'आर्थिक बेइमानीमा हामी अब आर्थिक जरिवानामा जान्छौं। उद्योगी व्यापारी थुनिनुपर्दैन तर राज्य साथी र सहयात्री बन्दा निजी क्षेत्रबाट पनि बेइमानी नहोला भन्ने अपेक्षा छ। नियोजित बेइमानी कसैले गर्छ भने त्यसमा हामी निर्मम छौं।' उहाँले निजी क्षेत्रलाई लगानी बढाउन, रोजगारी बढाउन र देश बनाउनेतर्फ लाग्न आग्रह गर्दै आफू घुस नखाने र अरूलाई खान पनि नदिने बताउनुभयो। अर्थतन्त्रको जहाज मोडेर देश नयाँ गतिमा लैजान आफू आएको पनि अर्थमन्त्रीको भनाइ थियो।

यसैबीच निर्माण क्षेत्रमा हुने आर्थिक अनियमितता र भ्रष्टाचार रोक्न भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनिल लम्सालले निर्देशन दिनुभएको छ। उहाँले निर्माण व्यवसायीलाई कुनै पनि सरकारी कर्मचारीलाई घुस नदिन सचेत गराउनुभएको छ। नेपाल निर्माण व्यवसायी महासंघले आफ्ना सदस्यहरूलाई परिपत्र जारी गर्दै मन्त्री लम्सालको निर्देशनबारे जानकारी गराइएको जनाएको छ। गत २०८२ चैत १५ गते मन्त्री लम्साल र महासंघका अध्यक्ष रवि सिंह नेतृत्वको टोलीबीच मन्त्रालयमा छलफल भएको थियो। पूर्वाधार विकासको क्षेत्रमा आर्थिक अनियमितता हुने गरेको र त्यसले गर्दा समयमै गुणस्तरीय काम हुन नसकेको गुनासोपछि मन्त्रीले यस्तो निर्देशन दिनुभएको महासंघद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिअनुसार अब निर्माण व्यवसायीले निर्माणाधीन आयोजनाका क्रममा कुनै पनि तहका सरकारी कर्मचारीलाई अतिरिक्त शुल्क दिनुपर्ने छैन। कुनै सरकारी कर्मचारीले त्यस्तो शुल्क मागेमा प्रचलित



कानुनअनुसार कारबाही गर्न सिधै मन्त्रीलाई जानकारी गराउन निर्देशन दिइएको छ।

### 'नीतिगत सुधारको प्रतिबद्धता स्वागतयोग्य'

प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारले असान्दर्भिक तथा धेरै पुराना ऐन खारेजी तथा नीतिगत सुधारको प्रतिबद्धताको नेपाल उद्योग परिसंघ (सिएनआई)ले स्वागत गरेको छ। उत्पादनमूलक तथा सेवामूलक उद्योगहरूको प्रतिनिधिमूलक संस्था सिएनआईले निरन्तर रूपमा दिँदै आएका सुझाव कार्यान्वयनलाई नवगठित सरकारले प्राथमिकतामा राख्दै सुशासन कायम तथा भ्रष्टाचार अन्त्यको आमचाहनालाई सरकारले उच्च प्राथमिकतामा राखी मुलुकलाई त्यसतर्फ लैजाने विश्वास गरिएको सिएनआईले जनाएको छ।

सिएनआईले सुझाउँदै आएको विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, क्षतिपुर्ति ऐन, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, नेपाल एजेन्सी ऐनलगायतका कानुन खारेज गर्ने सरकारको निर्णय स्वागतयोग्य रहेको सिएनआईको भनाइ छ। त्यसैगरी राजस्व अनुसन्धान विभाग खारेज गर्ने निर्णयको पनि सिएनआईले स्वागत गरेको छ। सार्वजनिक सेवा प्रवाह पूर्ण रूपमा डिजिटल, एकद्वार र अन्तरआबद्ध प्रणालीमा रूपान्तरण गर्ने, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने, राष्ट्रिय गौरवका तथा ठूला रणनीतिक आयोजनाको कार्यान्वयन शीघ्र, समयबद्ध तथा गुणस्तरीय बनाउन  जग्गा प्राप्ति, मुआब्जा निर्धारण, रुख कटान तथा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृतिसम्बन्धी प्रक्रियालाई फास्ट ट्र्याकमा गर्ने, सार्वजनिक खरिद प्रक्रियालाई पूर्णतः डिजिटल, पारदर्शी तथा ट्र्याकिङयोग्य बनाउने तथा प्रतिस्पर्धालाई प्रोत्साहन गर्नेलगायतका विषयलाई सरकारले प्राथमिकतामा राख्नु सकारात्मक रहेको सिएनआईले उल्लेख गरेको छ।

त्यसैगरी उद्योग, व्यापारिक केन्द्र, बैंकिङ पूर्वाधार तथा आपूर्ति शृंखलाको सुरक्षाका लागि सुरक्षा निकायलाई उच्च सतर्कता कायम गर्न तथा विशेष सुरक्षा प्रबन्ध गर्ने, निजी क्षेत्रसँग निरन्तर संवाद तथा समन्वयका लागि प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उद्योग-वाणिज्य संवाद परिषद् सक्रिय गराउने, कर प्रशासनलाई स्वचालित बनाउने, विद्युत् खरिद सम्झौता गर्ने, निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति तत्काल कार्यान्वयन गर्ने, कर प्रशासनलाई स्वचालित बनाउने, राजस्व चुहावट नियन्त्रण गर्ने तथा करदातालाई सरल सेवा उपलब्ध गराउने, समान प्रकृतिका कोषहरूको एकीकरण तथा रकम उच्च प्रतिफलयुक्त परियोजनामा लगानी गर्ने ढाँचा तयार गर्ने, नेपाललाई आरोग्य पर्यटन हब बनाउन आरोग्य पर्यटन रणनीति जारी गर्ने, प्रमुख खाद्यान्न बालीको न्यूनतम समर्थन मूल्य निर्धारण प्रक्रिया सुरु गर्ने विषयहरूलाई सरकारले प्राथमिकता दिएको देखिएकाले सरकारले समग्र आर्थिक विकासका लागि निजी क्षेत्रसँगको सहकार्यलाई पनि उच्च प्राथमिकता दिने सिएनआईले विश्वास लिएको छ।

सिएनआईले सबै राजनीतिक दलहरूले आर्थिक एजेण्डालाई पहिलो प्राथमिकता दिनुपर्ने सुझाव दिँदै आएको छ। सरकारले निर्वाचनमा सहभागी सबै राजनीतिक दलका घोषणापत्र, बाचापत्र तथा प्रतिबद्धतापत्रहरूमा समावेश कार्यान्वयनयोग्य विषयहरूको संश्लेषण गरी राष्ट्रिय प्रतिबद्धता तयार गर्ने भनेको छ। राष्ट्रिय प्रतिबद्धता समग्र आर्थिक विकासमा केन्द्रित होस् भन्ने चाहना रहेको पनि सिएनआईले जनाएको छ। प्रधानमन्त्री बालेन्द्र साहको सफल कार्यकालको शुभकामनासहित मुलुकमा थप लगानी, रोजगारी सिर्जनासँगै उत्पादनमूलक उद्योगहरूको स्थापना तथा सञ्चालन भई आर्थिक विकासमा मुलुकले नयाँ दिशा कायम गर्ने विश्वास रहेको सिएनआईको भनाइ छ।

## शिक्षा तथा ग्लोबल करियर सम्मेलन



**काठमाडौं ।** काठमाडौंमा अन्तर्राष्ट्रिय शिक्षा तथा ग्लोबल करियर सम्मेलन सम्पन्न भएको छ। अन्तर्राष्ट्रिय शिक्षा र करियर निर्माण क्षेत्रमा विद्यार्थीलाई मार्ग निर्देशन गर्ने उद्देश्यले आयोजित अन्तर्राष्ट्रिय शिक्षा तथा ग्लोबल करियर सम्मेलन २०२६ अर्बिट इन्टरनेसनल एजुकेसन र स्ट्र होल्डिङ्सले एमपावर फाइनान्सिङसँगको सहकार्यमा आयोजना गरिएको हो। एमपावर फाइनान्सिङका दक्षिण एसियाली साझेदारी प्रबन्धक अहद फरहानले काठमाडौंमा आयोजित सम्मेलनले नेपाली विद्यार्थीमा विदेश अध्ययन र वित्तीय व्यवस्थापनबारे नयाँ चेतना जागृत गराएको बताउनुभएको थियो। उहाँका अनुसार विद्यार्थीलाई केवल विश्वविद्यालय भर्ना हुनुमात्र ठूलो कुरा नभई आफ्नो भविष्यको करियरको मार्गचित्र पहिले नै तयार पार्नु अपरिहार्य रहेको छ। सम्मेलनले राखेको लक्ष्यअनुरूप विद्यार्थी र सरोकारवालाबीचको संवाद निकै फलदायी रहेको उहाँको भनाइ थियो। सम्मेलनमा मुख्य वक्ताका रूपमा रहनुभएका प्रितेश जगानीले विद्यार्थीले प्रायः पहिले विश्वविद्यालय छनोट गर्ने र त्यसपछि मात्र करियरबारेमा सोच्ने गलत परम्परा रहेको औंल्याउनुभएको थियो। उहाँले करियरको स्पष्टता, त्यसपछि उपयुक्त विश्वविद्यालय र अन्त्यमा आर्थिक स्रोत वा फन्डिङको सूत्र पछ्याउन सुझाव दिनुभएको थियो। अर्की वक्ता क्लेयर अल्मण्डले नेटवर्किङको महत्त्वमाथि प्रकाश पार्दै व्यावसायिक सम्बन्धहरू केवल व्यक्तिगत फाइदाका लागि नभई आपसी जिज्ञासा र सकारात्मक ऊर्जासाथ अघि बढाउनुपर्नेमा जोड दिनुभएको थियो।

## नेपाल सेरामिकले सेयर जारी गर्ने



**काठमाडौं ।** माछापुच्छ्रे क्यापिटल र नेपाल सेरामिक इण्डष्ट्री लिमिटेडबीच कम्पनीको प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) निष्कासन तथा बिक्री प्रबन्ध सेवा प्रदान गर्ने सम्झौता भएको छ। सम्झौताअनुसार नेपाल सेरामिक इण्डष्ट्रीले सर्वसाधारणका लागि ३० लाख कित्ता साधारण सेयर निष्काशन गर्नेछ। उक्त सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा माछापुच्छ्रे क्यापिटललाई नियुक्त गरिएको हो। सम्झौतापत्रमा माछापुच्छ्रे क्यापिटलका प्रमुख कार्यकारी अधिकृत उपेन्द्र मालाकार र निष्कासनकर्ता कम्पनी नेपाल सेरामिक इण्डष्ट्रीका अध्यक्ष शम्भुनाथ झाले हस्ताक्षर गर्नुभएको थियो।

## एनआइसीका ४४ शाखा गाभिने

**काठमाडौं ।** एनआइसी एसिया बैंकले देशका छ महानगरपालिकाभित्र रहेका विभिन्न ४४ वटा शाखा कार्यालय मर्ज गर्ने भएको छ। बैंकका अनुसार काठमाडौं महानगरपालिकामा २६, ललितपुरमा छ, पोखरामा छ, विराटनगरमा तीन, वीरगञ्जमा दुई र भरतपुरमा एक शाखा मर्ज गरिनेछन्। काठमाडौं महानगरपालिकाका नागपोखरी, पुतलीसडक, दरबारमार्ग, ज्ञानेश्वर र बागबजार शाखा मर्जरपछि कमलादी शाखाबाट सेवा प्रवाह हुनेछ भने बोहोरा टार, माछापोखरी, ढुंगेधारा-नर्सरी चोक शाखा मर्जरपछि बालाजु शाखा, न्युरोड खिचापोखरी, भोटाहिटी, किलागल शाखा मर्जरपछि न्युरोड विशाल बजारबाट सेवा सञ्चालन हुने बैंकले जनाएको छ।

त्यसैगरी तिनचुली र चाबहिल शाखा बौद्ध शाखामा मर्ज हुनेछ भने नरेफाँट शाखा कोटेश्वर शाखामा, बालुवाटार शाखा लाजिम्पाट शाखामा, अनामनगर, शंखमूल, मध्य बानेश्वर शाखा नयाँ बानेश्वर शाखामा, खसी बजार शाखा कलंकी शाखामा मर्ज हुने बताइएको छ। कपन शाखा सुकेधारा शाखामा, गोंगबु शाखा सामाखुसी शाखामा, सोह्रखुट्टे शाखा ठमेल शाखामा, टेकु शाखा त्रिपुरेश्वर शाखामा मर्जर हुनेछ भने सिनामंगल, मित्रपार्क र कालोपुल शाखा मर्जरपछि बत्तिसपुतली शाखाबाट सेवा सञ्चालन हुनेछ।



त्यस्तै, ललितपुर महानगरपालिकाका लगनखेल र मंगलबजार शाखा मर्जरपछि जावलाखेल शाखा, सानेपा र ग्वार्को शाखा मर्जरपछि सातदोबाटो शाखा, खोकना शाखा मर्जरपछि भैँसेपाटी शाखाबाट सेवा सञ्चालन हुने बैंकले जनाएको छ।

त्यसैगरी पोखरा महानगरपालिकाका पावरहाउस चोक र बुढीबजार शाखा मर्जरपछि लेखनाथ शाखा, बाझापाटन शाखा अमरसिंह चोक शाखा, महेन्द्रपुल-पोखरा र बगर शाखा मर्जरपछि न्युरोड पोखरा शाखा, बिरौटा शाखा मर्जरपछि लेकसाइड शाखाबाट सेवा सञ्चालन हुनेछ भने भरतपुर महानगरपालिकाको बसेनी शाखा मर्जरपछि हाकिम चोक शाखा, विराटनगर महानगरपालिकाको विराटनगर मेनरोड र हाटखोल शाखा मर्जरपछि विराटनगर शाखा, रानी मिल्स शाखा मर्जरपछि रोडशेष चोक शाखा, वीरगञ्ज महानगरपालिकाको लिंक रोड र पावरहाउस चोक शाखा मर्जरपछि वीरगञ्ज शाखा आदर्शनगरबाट बैंकिङ सेवा सञ्चालन हुने बताइएको छ।

## श्रमिकको हक संरक्षण गर्न १० बुँदे कार्ययोजना

हिमालय टाइम्स
काठमाडौं, १६ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमिकको हकहितको संरक्षण र समग्र रोजगार क्षेत्र व्यवस्थित, मर्यादित एवं सुरक्षित बनाउन १० बुँदे तत्काल कार्ययोजना सार्वजनिक गरेको छ। मन्त्री दिपककुमार साहको अध्यक्षतामा बसेको बैठकले मन्त्रिपरिषद्को चैत १३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमाथि छलफल गर्दै कार्ययोजनालाई अन्तिम रूप दिएको हो। मन्त्री साहले श्रम तथा रोजगार क्षेत्र व्यवस्थित, मर्यादित एवं सुरक्षित बनाउन तथा श्रमिकको हकहितको संरक्षण गर्न नेपाल सरकारबाट स्वीकृत कार्यसूचीमा रहेका श्रम मन्त्रालयसँग सम्बन्धित विषय तत्काल कार्ययोजना तयार गरी कार्यान्वयन गर्न निर्देशन दिनुभएको थियो।

मन्त्रालयले १० बुँदे कार्ययोजनाअन्तर्गत वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको सुरक्षा, न्यूनतम ज्यालाको सुनिश्चितता, कार्यस्थल सुरक्षा, कार्य वातावरण र स्वास्थ्य सुरक्षाको अवस्था अध्ययन गरी वैदेशिक रोजगारीको न्यूनतम मापदण्ड तयार गर्ने, रोजगारी सिर्जनाका लागि सहयोग पुग्ने गरी सीप विकास तालिम प्रदान गरी रोजगारमा आबद्ध गर्ने अवसर सिर्जना गर्ने, सबै प्रदेशमा निजी क्षेत्रसँगको सहकार्यमा सीप मेला सञ्चालन गर्न तयारी गर्ने, आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने, सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउने, वैदेशिक रोजगारीका नाममा हुने गरेका ठगी नियन्त्रण गर्ने, सेवा प्रवाह सूचना प्रविधिमा आबद्ध गरी सेवाको लागत र समय घटाउनेलगायतका विषयमा तत्काल कार्ययोजना बनाई कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अगाडि बढाएको छ।

उक्त कार्ययोजनाअनुसार आवेदन दिएकै दिन श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाउने र टोकन प्रणालीको अन्त्य गर्ने, पूर्व प्रस्थान अभिमुखीकरण तालिम पाठ्यक्रममा आधारित श्रव्य-दृश्य सामग्री निर्माण गरी डिजिटल माध्यममा उपलब्ध गराउने, पूर्व प्रस्थान अभिमुखीकरण तालिमलाई पूर्णरूपमा अनलाइन प्रणालीमा आधारित बनाउने, श्रमिकको न्यूनतम ज्यालाको पूर्ण कार्यान्वयन सुनिश्चित गर्ने, सामाजिक सुरक्षा कोषमा आबद्धता, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सबै श्रमिकलाई आबद्ध गर्ने अभियान सञ्चालन गर्ने, श्रमदान कल सेन्टरलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउने, औद्योगिक प्रतिष्ठानहरूमा जोखिम मूल्यांकन गरी व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाको प्रवर्द्धन गर्ने, उत्पादन र उद्यमशीलता प्रवर्द्धन गरी आन्तरिक रोजगारी सिर्जना गर्ने, थप पाँच मुलुकसँग द्विपक्षीय श्रम सम्झौता विस्तार गर्ने, मन्त्रालयसँग सम्बन्धित कानुनहरूमा समसामयिक सुधारका अन्तरवस्तुहरू पहिचान गरी प्रक्रिया अगाडि बढाउने विषय रहेका मन्त्रालयले जनाएको छ।

## सुरुङमार्ग सञ्चालन जिम्मा चिनियाँ कम्पनीलाई

**काठमाडौं/हिटा ।** नागढुंगा सुरुङमार्ग सञ्चालनको जिम्मा नेपाली-चिनियाँ संयुक्त उपक्रम युसिन-एआरटी ज्वाइन्ट भेन्चर्सले पाएको छ। संयुक्त उपक्रमले आगामी पाँच वर्षका लागि एक अर्ब १० करोड ४० लाख ३७ हजार आठ सय रुपैयाँमा सञ्चालनको जिम्मा पाएको हो। तथापि सम्झौता हुन भने बाँकी रहेको छ। नागढुंगा सुरुङमार्ग निर्माण आयोजनाका अनुसार सुरुङमार्ग सञ्चालनका लागि सर्भिस प्रोभाइडर छनोट गर्न स्वदेशी र विदेशी गरी १० वटा कम्पनीले ग्लोबल टेण्डरमा प्रतिस्पर्धा गरेकामा सबैभन्दा कम रकम कबोल गरेका आधारमा चिनियाँ कम्पनी चोङक्वीङ युसिन रोड एण्ड ब्रिज डेभलपमेन्ट कम्पनी र नेपाली कम्पनी एआरटी कन्स्ट्रक्सनको संयुक्त उपक्रम युसिन-एआरटी ज्वाइन्ट भेन्चर्सलाई छनोट गरिएको हो। आयोजनाले सोमबार उक्त कम्पनीलाई सञ्चालन तथा मर्मतसम्भारका लागि छनोट गरिएको आशयपत्र प्रकाशित गरेको छ।

सात दिनभित्र कसैले दाबी नगरेको अवस्थामा आगामी १५ दिनभित्र छनोट भएको उक्त कम्पनीसँग सर्भिस प्रोभाइडरका लागि सम्झौता गरिने आयोजनाले जनाएको छ। सम्झौतामार्फत् सञ्चालन र मर्मतसम्भारको जिम्मा पाउने युसिनले सेक्युरिटी गार्डसहित करिब एक सय ५० जना दक्ष जनशक्ति परिचालन गर्नुपर्नेछ। जसमा पाँच जना भने चिनियाँ नागरिक हुने बताइएको छ। सञ्चालनका लागि ठेक्का पाउन लागेको नेपाली-चिनियाँ संयुक्त उपक्रम युसिन-एआरटी ज्वाइन्ट भेन्चर्सले टोल ट्याक्सबापतको रकम उठाएर सरकारको खातामा जम्मा गर्नुपर्नेछ भने मर्मतसम्भार र सञ्चालनसमेत गर्नुपर्नेछ। आयोजनाका अनुसार गत पुसमा खोलिएको टेण्डरअनुसार सर्भिस प्रोभाइडरका लागि भारतीय कम्पनीतर्फ सेगमेन्टल इन्फ्रास्ट्रक्चर डेभलपमेन्टको सहकार्यमा नेपाली कम्पनी स्वच्छन्द निर्माण सेवा प्रालि, टनेलटेक सोल्युसन प्रालिको सहकार्यमा नेपाली कम्पनी बाबरी कन्स्ट्रक्सन प्रालि र इल्सामेक्स मेन्टिनेन्स सर्भिस लिमिटेडको सहकार्यमा नेपाली कम्पनी पशुपति शिवाजी कन्स्ट्रक्सन प्रालि प्रतिस्पर्धामा सहभागी भएका थिए।

त्यसैगरी चिनियाँ कम्पनीतर्फ गन्सु हेङटङ रोड एण्ड ब्रिज इञ्जिनियरिङ कम्पनीको सहकार्यमा नेपाली कम्पनी काष्टमण्डप कन्स्ट्रक्सन प्रालि, सान्सी रोड एण्ड ब्रिज ग्रुप कर्पोरेसन लिमिटेडको सहकार्यमा नेपाली कम्पनी ब्राइट बुल निर्माण सेवा र जियाङसी टियानफेङ कन्स्ट्रक्सन ग्रुप कम्पनीको सहकार्यमा नेपाली कम्पनी डाँफे कन्स्ट्रक्सन कम्पनी प्रालि, चिनियाँ कम्पनीतर्फ चाइना फर्स्ट हाइवे इञ्जिनियरिङ कम्पनीको सहकार्यमा नेपाली कम्पनी समानान्तर निर्माण सेवा प्रालि, चोङक्वीङ युसिन रोड एण्ड ब्रिज डेभलपमेन्ट कम्पनीको सहकार्यमा नेपाली कम्पनी एआरटी कन्स्ट्रक्सन र रान्केन रेलवे कन्स्ट्रक्सन ग्रुप कम्पनीको सहकार्यमा नेपाली कम्पनी भेदान्सी इन्फ्रास्ट्रक्चर प्रतिस्पर्धामा थिए। त्यस्तै, टर्कीको अल्टीनोक कन्सल्टिङ इञ्जिनियरिङ कम्पनीको सहकार्यमा नेपाली कम्पनी कुमार श्रेष्ठ निर्माण सेवा प्रालि र भागेश्वरी कन्स्ट्रक्सन प्रालि संयुक्त रूपमा प्रतिस्पर्धामा थिए।

## दराजको ४.४ नव वर्ष उत्सव

**काठमाडौं ।** दराज नेपालले नयाँ वर्ष २०८३ लाई विशेष बनाउन ४.४ नव वर्ष उत्सव सार्वजनिक गरेको छ। सात प्रतिशतसम्म छुट, निःशुल्क होम डेलिभरी र ८३ लाख बराबरका भौचरसहितको सेल चैत २० देखि २७ गतेसम्म सञ्चालन हुने कम्पनीले जनाएको छ। उक्त उत्सवअन्तर्गत ग्राहकले विभिन्न क्याटेगरी र प्रमुख साझेदार ब्राण्डमा दैनिक फ्ल्यास सेलमार्फत् विशेष अफर प्राप्त गर्न सक्नेछन्। कम्पनीका अनुसार प्लाटिनम पार्टनर ब्राण्डहरूः चर्च एण्ड ड्वाइट, एंकर, होनसा, ब्राण्डहाउस, युनिलिबर र मिनिमलिस्टमा ६० प्रतिशतसम्म छुट, गोल्ड पार्टनर ब्राण्डहरूः फोरया र एक्सएजमा ६० प्रतिशतसम्म र सिल्भर पार्टनर ब्राण्डहरूः नाइक, फ्यानटेक र पिसेफमा ६५ प्रतिशतसम्म छुट उपलब्ध हुनेछ। चार प्रमुख बैंकहरूसँगको सहकार्यअनुसार नबिल बैंक, हिमालयन बैंक, महालक्ष्मी बैंक र नेपाल बैंकका क्रेडिट कार्ड प्रयोगकर्ताले १५ प्रतिशत र डेबिट कार्ड प्रयोगकर्ताले १० प्रतिशत छुट पाउनुका साथै इसेवा र खल्ती बाई आइएमई प्रयोगकर्ताका लागि विशेष 'रश आवर' अफरहरू पनि उपलब्ध हुने बताइएको छ। रोमाञ्चक पुरस्कारमा फिलिप्सको सहयोगमा १५ वटा साना होम अप्लायन्ससहितको प्रिमियम बन्डल, भिभो भी ७० स्मार्टफोन, बडी जिम एक्सरसाइज साइकल, मिऱ्याकल्स इण्डस्ट्रियल उडन डिस्प्ले ऱ्याक, मिऱ्याकल्स सजिलो प्रिन्टर ऱ्याक, स्टिलबर्ड हेल्मेट र एससिएस एसएण्डएक्स हेल्मेट ब्लुटुथ इन्टरकम समावेश छन्।

न्यूनतम पाँच हजार रुपैयाँको खरिद गर्ने ग्राहकहरू स्वतः लक्की ड्रमा सहभागी हुन सक्ने पनि कम्पनीले जनाएको छ। दराज नेपालका प्रबन्ध निर्देशक आँचल कुँवरले भन्नुभयो, '४.४ सेलले नेपालको डिजिटल व्यापार प्रणाली सुदृढ बनाउने हाम्रो निरन्तर प्रतिबद्धता प्रतिबिम्बित गर्छ। सशक्त ब्राण्ड साझेदारी, आकर्षक भुक्तानी अफरहरू र रोमाञ्चक पुरस्कारहरूको संयोजन गर्दै हामीले ग्राहकलाई नयाँ वर्ष २०८३ लाई स्वागत गर्ने तयारीमा एक समग्र र उत्कृष्ट किनमेल अनुभव प्रदान गर्ने लक्ष्य राखेका छौं।'


Khandbari Municipality
Office of the Municipal Executive
Khandbari, Sankhuwasabha
Koshi Province, Nepal

**Invitation for Sealed Quotation**

**Date of Publication: 2082-12-17 (2026-Mar-31)**

1. Khandbari Municipality, Sankhuwasabha invites electronic bid for eligible bidders for procurement of following works.

| Contract Identification No. | Name of Project | Estimated Amount (Without Vat) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs. (Not refundable) | Remark |
|---|---|---|---|---|---|
| KMO/SQN/GOODS/ 01/082/083 | Procurement of Miniteller for Khandbari Municipality. | 19,72,000.00 | 55,000.00 | 1,000.00 | |

2. Details of Bid:

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|
| Procurement of Miniteller for Khandbari Municipality. (KMO/SQN/GOODS/01/082/083) | 45 Days after bid opening (2083-02-17) | 30 days beyond Bid Validity Period (2083-03-16) | 2083-01-02, 12:00 Hrs. | 2083-01-02, 14:00 Hrs | Electronics Bid Only. |

3. For Further Details bidders are requested visit website **www.khandbarimun.gov.np** or notice board of Khandbari Municipality Office or may visit PPMO egp system **www.bolpatra.gov.np/egp.**
4. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** Rastriya Banijya Bank, Branch Office, Sankhuwasabha
   **Name of Office:** Khandbari Municipality Office
   **Office Code Number:** 365-05-11
   **Office Account Number:** 2080100301010002 (Internal Rajaswa Account)
   **Dharauti Khata Number:** 2080100303000002
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Must be Required of the Authorized Letter
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यबानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल